# प्रभाव दैनिक
National Daily

वर्ष १० | अंक ३१८ | काठमाडौं | आइतबार, ४ चैत २०८० | Prabhab National Daily | Sunday, March 17, 2024 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



**उपभोक्ताको जानकारी पाउने अधिकारको रक्षा गरौं**

वस्तु उत्पादक कम्पनीहरूले आफ्नो उत्पादनमाः
- उत्पादकको नाम, ठेगाना र उद्योग दर्ता नम्बर,
- खाद्य पदार्थ र औषधि जस्ता वस्तुमा मिश्रण, परिमाण र तौल,
- गुणस्तर निर्धारण भएको वस्तुमा गुणस्तर चिन्ह,
- वस्तु उपभोग गर्ने तरिका,
- वस्तुको उपभोग गर्दा हुन सक्ने प्रभाव,
- वस्तुको मूल्य, ब्याच, नम्बर, उत्पादन मिति र उपभोगको म्याद सकिने मिति उल्लेख गर्नु पर्दछ ।

त्यस्तो गरेको नपाइए तत्काल वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग वा स्थानीय प्रशासनमा उजुरी गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


जतातत‌ै आगलागी

## तीन बालबालिकाको मृत्यु, करोडौंको क्षति



भोजपुरको भजपुर नगरपालिका-१२ टक्सार माल्वासेमा शुक्रबार भएको आगलागीबाट जलेका घर । *तस्बिरः रासस*

- भोजपुरको हतुवागढीमा तीन बालबालिकाको मृत्यु, मालबाँसेमा छ घर जले
- सप्तरीको राजविराज र मोरङको रंगेलीसँगै रामेछापमा पनि आगलागी, करोडौंको क्षति

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** देशका विभिन्न स्थानमा शनिबार आगलागी हुँदा जनधनको ठूलो क्षति भएको छ । कतिपय स्थानमा अझै आगो नियन्त्रणमा आएको छैन ।

जिल्ला प्रहरी कार्यालय भोजपुरका सूचना अधिकारी दलकुमार राईका अनुसार भोजपुरको हतुवागडी गाउँपालिका-७ मा भएको आगलागीमा परी एकै परिवारका तीन बालबालिकाको मृत्यु भएको छ । जिल्लाकै भोजपुर नगरपालिका-१२ को टक्सारस्थित मागबाँसेमा आगलागी हुँदा छ वटा घर जलेर खरानी भएका छन् । वनमा लागेको डढेलो वस्तीमा पस्दा क्षति भएको हो ।

आगलागीबाट विशाल कार्कीका दुई, नरबहादुर कार्कीका दुई र पदम कार्कीको एक घर जलेर नष्ट भएको छ । बसोबास नभएको एक घर पनि जलेर नष्ट भएको स्थानीयले बताएका छन् । हावाहुरी चलेपछि वनमा लागेको डढेलो वस्तीमा फैलिएको हो । समाचार तयार पार्दासम्म आगो नियन्त्रणमा आएकै छैन । सप्तरीको राजविराजस्थित रूपनी रोडमा रहेको कृष्णा लेडिज एन्ड जेन्स टेलर्समा शनिबार नै आगलागी भएको छ ।

आगलागीबाट उक्त टेलर्समा रहेका १९ वटा कपडा सिउने मेसिन, चारवटा विद्युतीय मेसिन र ग्राहकले सिउन दिएका कपडासहित ३० लाख रूपैयाँ बराबरको क्षति भएको टेलर्स सञ्चालक रोहितकुमार साहले बताए ।

(क्रमशः पृष्ठ २ मा)

## महानिर्देशक दाहाल र व्यापारीको 'बर्थ डे' कनेक्सन

### व्यवसायीले कार्यकक्षमै पुगेर जन्मदिन मनाइदिएपछि पशु सेवा विभागका महानिर्देशक डा. उमेश दाहाल विवादमा

■ **प्रभाव संवाददाता**




**काठमाडौं–** पशु सेवा विभागका महानिर्देशक डा. उमेश दाहाल यतिखेर चर्चामा छन् । केही महिनाअघि मात्र विभागमा आएका उनी राम्रो काम गरेर भने चर्चामा आएका हैनन् । एक व्यवसायीले कार्यकक्षमै पुगेर जन्मदिन मनाइदिएपछि उनी विवादमा तानिएका हुन् ।

पशुपन्छीको औषधि आयातकर्ता हेमराज बडाल जो आफैंमा विवादित व्यवसायी हुन्, उनले महानिर्देशक दाहाललाई केक काटेर खुवाउँदै गरेको तस्बिर सार्वजनिक भएको छ । कार्यालय समयमा कार्यकक्षमै जन्मदिन मनाएर उनले सुशासनको खिल्ली उडाएनन् मात्रै, विवादित औषधि व्यवसायी र उनको अवैध साँठगाँठसमेत बाहिर आएको छ । विभागमा नयाँ महानिर्देशक आउनेबित्तिकै पशुपन्छीको औषधि व्यवसायमा संलग्न केही व्यवसायीहरूले महानिर्देशकलाई आफ्नो मुट्ठीमा पार्ने गरेका छन् ।

(क्रमशः पृष्ठ २ मा)

# एक्लिए बाबुराम



आज र भोलि पार्टीको केन्द्रीय समिति बैठक बस्दै छ । पार्टीमा छलफल नै नगरिकन भएको यो (यादव समूहको अलग हुने निर्णय) त राजनीतिक ठगी हो ।

■ **डा. बाबुराम भट्टराई**
**अध्यक्ष, नेसपा**

एउटा राजनीतिक प्रक्रियासम्म उहाँ (डा.भट्टराई) को नेतृत्व आवश्यक थियो । स्वीकार्‍यौं । तर, अहिलेको सन्दर्भमा उहाँको राजनीतिक गन्तव्य उपयुक्त छैन । त्यही कारण हामी अलग भयौं । राजनीतिक रूपमा बन्धक भइरहन त सक्दैनौं ।

■ **गंगानारायण श्रेष्ठ**
**सहअध्यक्ष, नेसपा**

- माओवादीबाट नयाँ शक्ति, जसपा हुँदै नेसपासम्म आइपुग्दा डा. बाबुराम भट्टराई शक्तिहीन र प्रभावहीन बनेका छन्
- माओवादी जनसरकार प्रमुख, गणतन्त्रकालको पहिलो अर्थमन्त्री र चौथो प्रधानमन्त्री हुँदा डा. भट्टराईको राजनीतिक कद अग्लो थियो
- भट्टराईलाई नेता कार्यकर्ताले क्रमशः छाडेपछि एक्लिएका छन्

■ **जेबी योञ्जन**

**काठमाडौं–** २८ वर्षअघि तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवालाई नेकपा माओवादीको तर्फबाट ४० बुँदे माग बुझाउने नेता डा. बाबुराम भट्टराई हुन् । देउवा सरकारले भट्टराईले बुझाएका मागहरूलाई सम्बोधन भन्दा पनि उल्टै माओवादीमाथि दमन गरेपछि भएको १० वर्षे सशस्त्र विद्रोहकालमा भट्टराई युद्ध रणनीतिकार रहे । युद्धको अन्तिमतिर जनसरकार प्रमुख भएका उनी गणतन्त्र नेपालको पहिलो अर्थमन्त्री र चौथो प्रधानमन्त्री बने । उनी अर्थमन्त्री र प्रधानमन्त्री हुँदा भएका कामले उनको कद अग्लिएको थियो । उनका पछि एउटा ठूलै पंक्ति थियो ।

तर, अहिले त्यस्तो छैन । डा. भट्टराई क्रमशः एक्लिएका छन् । उनको राजनीतिक व्यक्तित्व गिर्दो छ । शक्ति क्षीण छ । अर्को शब्दमा भन्दा देशमा राजनीतिक क्रान्ति सम्पन्न भएको ठहर गरिसकेका भट्टराई आर्थिक र सामाजिक क्रान्तिको मैदानमा एक्ला खेलाडी भएका छन् । उनलाई छाड्नेहरूको लर्को छ ।

शनिबारमात्रै उनी नेतृत्वको नेपाल समाजवादी पार्टीबाट प्रतिनिधिसभा सदस्य महेन्द्रराय यादव अलग भए । यादवसँग बागमती प्रदेश सांसद तथा मन्त्री गंगानारायण श्रेष्ठ पनि अलग भए । यादव नेसपाका एक जना अध्यक्ष र श्रेष्ठ सहअध्यक्ष हुन् । महासचिव रमेश यादवले पनि भट्टराईलाई छाडेका छन् । उनीहरूसँग नेसपाको ठूलै पंक्ति छ । छिट्टै यादव नेतृत्वमा नेसपाबाट अलग भएका नेता कार्यकर्ताहरू प्रधानमन्त्री पुष्पकमल दाहाल नेतृत्वको नेकपा माओवादी केन्द्रसँगको एकता प्रक्रियामा जाने भएका छन् ।

माओवादी केन्द्रका महासचिव देवप्रसाद गुरुङ र नेसपा महासचिव यादवले हस्ताक्षर गरेको विज्ञप्तिमा उल्लेख भएअनुसार माओवादी र नेसपाबीच एकता गर्ने र महाधिवेशनले एकीकृत पार्टीको नाम टुंगो लगाउने सहमति भएको छ । वैचारिक एकरूपता र संगठनात्मक तयारी गर्न कार्यदलसमेत गठन भएको छ । जहाँ माओवादीको तर्फबाट महासचिव गुरुङ र उपमहासचिव जनार्दन शर्मा छन् भने नेसपाबाट सहअध्यक्ष श्रेष्ठ र महासचिव यादव रहेका छन् ।

माओवादी र नेसपाको यादव पक्षसँग सहमति गर्ने सन्दर्भमा भएको छलफलमा प्रधानमन्त्रीसमेत रहेका माओवादी अध्यक्ष दाहाल र वरिष्ठ उपाध्यक्ष नारायणकाजी श्रेष्ठ तथा नेसपाबाट अध्यक्ष यादव सहभागी थिए । यससँगै अर्का अध्यक्ष डा. भट्टराई एक्ला भएका छन् ।

वाम विश्लेषक डा. खगेन्द्र प्रसाईंको शब्दमा डा. भट्टराईको राजनीतिक यात्रामा यो करिब बिराम लाग्ने संकेत हो । हुन पनि डा. भट्टराईको अग्लो राजनीतिक कद होचिँदै गएको छ । ठूलो जमातबाट समूहको नेता भएका छन् । प्रसाईंका अनुसार डा. भट्टराइ डुब्नुअघि क्षितिजमा पुगेका घामजस्तै भएका राजनीतिक नेतृत्व हुन् ।

(क्रमशः पृष्ठ २ मा)

**सन्दर्भः वैदेशिक रोजगार**

## फागुनमा रोजगारीका लागि विदेसिए ६५ हजारभन्दा बढी

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** चालु आर्थिक वर्ष २०८०/८१ को आठौं महिना अर्थात् फागुनमा वैदेशिक रोजगारीका लागि ६५ हजारभन्दा बढी नेपाली विदेसिएका छन् । वैदेशिक रोजगार विभागले सार्वजनिक गरेको तथ्यांकअनुसार फागुन महिनामा ६५ हजार ६५८ जना नेपाली नयाँ तथा पुनः श्रम स्वीकृति लिएर रोजगारीका विदेसिएका हुन् ।

विभागको तथ्यांकअनुसार ९९ वटा मुलुकमा श्रम स्वीकृति लिएर नेपालीहरू रोजगारीका लागि गएका छन् । जसअनुसार फागुनमा विदेसिने नेपालीको संख्या गत माघ महिनाको भन्दा तीन हजार ५११ ले बढेको देखिएको छ । माघमा ६२ हजार १४७ जनाले वैदेशिक रोजगारीका लागि श्रम स्वीकृति लिएका थिए । यसअघि गत पुस महिनामा ६५ हजार ८१३ जनाले वैदेशिक रोजगारीका लागि श्रम स्वीकृति लिएका थिए ।

चालु आवको सुरुआती महिनादेखि नै संयुक्त अरब इमिरेट्स (युएई) नेपाली श्रमिकहरूको पहिलो गन्तव्य बन्न सफल भएको छ । विभागको तथ्यांकअनुसार फागुनमा युएईका लागि १८ हजार ७०७ जनाले श्रम स्वीकृति लिएका छन् । गत माघ महिनामा युएई जाने नेपालीको संख्या १७ हजार ६०२ रहेको थियो । यस्तै फागुन महिनामा रोजगारीका लागि साउदी अरेबिया जान १३ हजार २६७ जनाले श्रम स्वीकृति लिएका छन् । दोस्रो स्थानमा परेको साउदी जाने नेपालीको संख्या माघ महिनाको भन्दा ९०१ जनाले बढेको छ । त्यसैगरी तेस्रो स्थानमा रहेको कतारमा ११ हजार ३९० जना श्रम स्वीकृति लिएर पुगेका छन् । यसअघि माघ महिनामा कतार जाने नेपालीको संख्या १२ हजार १६४ रहेको थियो । चालु आव सुरू भएयता कतार र साउदी जाने नेपालीको संख्या हराहारी जस्तो देखिए पनि युएई जाने संख्यामा उल्लेख्य वृद्धि भएको विभागको तथ्यांकले देखाएको छ ।

| धेरै श्रमिक गएका मुलुक | |
|---|---|
| युएई | १८,७०७ |
| साउदी | १३,२६७ |
| कतार | १,३९० |
| मलेसिया | ८,४१७ |
| कुवेत | ३,२०६ |
| रोमानिया | १,७८४ |
| जापान | १,३६० |
| बहराइन | ९२८ |
| मोरिसस | ८५९ |
| क्रोएसिया | ८१५ |

यसैगरी गत आर्थिक वर्षभरि पहिलो स्थान ओगटेको मलेसिया आठौं महिनासम्म पनि चौथो स्थानमै रहेको छ । फागुनमा मलेसिया जान आठ हजार ४१७ जनाले श्रम स्वीकृति लिएका छन् । यस्तै पाँचौं स्थानमा परेको कुवेतमा तीन हजार २०६ जना नेपाली श्रमिक रोजगारीका लागि पुगेका छन् । कुवेत जाने श्रमिकहरूको संख्या पनि क्रमशः त्यस्तो धेरै उतारचढाव देखिएको छैन । उल्लिखित पाँच मुलुकले नै नेपालको वैदेशिक रोजगारीको ठूलो हिस्सा (झण्डै ८० प्रतिशतभन्दा बढी) ओगटेको विभागको तथ्यांकले देखाएको छ

यसैगरी रोमानिया एक हजार ७८४, जापान एक हजार ३६०, बहराइन ९२८, मोरिसस जान ८५९, क्रोएसिया ८१५, माल्दिभ्स ५९०, साइप्रस ५७७ र ओमानका लागि ५३३ जनाले श्रम स्वीकृति लिएका छन् ।

(क्रमशः पृष्ठ २ मा)

## प्रगतिशील मञ्चको वनभोज कार्यक्रम




**काठमाडौं (प्रस)–** प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च, नेपाल (पिफान)ले बृहत् वनभोज कार्यक्रम सम्पन्न गरेको छ । मञ्चले आगामी गत शुक्रबार चोभारस्थित आदिनाथ सामुदायिक वन उपभोक्ता समूह कीर्तिपुरमा बृहत् वनभोज कार्यक्रम आयोजना गरेको हो ।

कार्यक्रममा वैदेशिक रोजगार विभागका महानिर्देशक डण्डुराज घिमिरे, निर्देशक लोकनाथ भुसाल, अर्का निर्देशक तथा सूचना अधिकारी कविराज उप्रेती, श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका उपसचिव कृष्णप्रसाद भुषाललगायत अधिकारीहरूको पनि सहभागिता रहेको थियो । त्यसैगरी नेपाल वैदेशिक रोजगार व्यवसायी संघका अध्यक्ष राजेन्द्र भण्डारी, महासचिव मेघनाथ भुर्तेलसहितका पदाधिकारी तथा कार्यसमिति सदस्यहरू, पूर्वअध्यक्षहरू एवं व्यवसायीहरूका विभिन्न जातीय, भेगिए र घटक संस्थाका प्रतिनिधिहरू, संघका कानुनी सल्लाहकारहलगायतको सहभागिता रहेको थियो ।

वनभोज कार्यक्रमलाई थप आकर्षक वनाउन हास्यकलाकारहरू मनोज गजुरेल, सुवोध गौतम, दिपेन्द्र प्रसाई, लोक दोहोरी गायक बद्री पंगेनी, गायीक चन्दा अर्याल र नायिकाहरू जुना कार्की र पवित्रा काफ्लेलगायतका कलाकारहरूले सांगितिक एवं मनोरञ्जनात्मक प्रस्तुति दिएका थिए ।

(क्रमशः पृष्ठ २ मा)




## पृष्ठ १ बाट क्रमशः

### एक्लिए बाबुराम...

'डा. भट्टराई नेपाली राजनीतिको एकताका आइकनजस्तै थिए । माओवादी वार्ता टोली संयोजक भएर खेलेको भूमिकादेखि गणतन्त्र आइसकेपछि अर्थमन्त्री र प्रधानमन्त्री हुँदा जसरी उनको कद अग्लियो, अहिले ठीक उल्टो भएको छ । सहयात्रीहरूले छाडेका छन् । क्रमशः उनी कमजोर नेता भए । यो भनेको क्षितिजको घामजस्तै हो,' उनले प्रभावसँग भने ।

भट्टराईले ३ असोज २०७२ मा संविधान जारी भएको एक सातामै आफैंले सशस्त्र विद्रोह गरेको दल माओवादी त्यागे । त्यसक्रममा उनको विश्लेषण भनेको देशमा राजनीतिक क्रान्ति पूरा भएको र आर्थिक तथा सामाजिक क्रान्तिको कार्यभार छ भन्ने थियो । जुन नयाँ शक्तिबाट सम्भव छ भन्दै उनले पार्टी नै नयाँ शक्ति स्थापना गरे । २०७४ सालको प्रतिनिधिसभा चुनावमा उनी एक्लैले चुनाव जिते । नयाँ शक्ति एकल सांसदमा सीमित भयो । यसपछि उनी मधेसवादी दलहरूसँग एकता प्रक्रियामा गए । अन्ततः जसपाका संघीय अध्यक्षसम्म भए । तर, यहाँ भने डा. भट्टराई टिक्न सकेनन् । दल फुटाएर हिँडे । अहिले नेसपाका अध्यक्ष हुन् । उनले यसबीचमा पार्टीको आकार बढाउन बल नगरेका होइनन् । तर, दलबाट क्रमशः नेताहरू अलग भइरहे । जुन शृंखला शनिबारसम्मै जारी रह्यो ।

नेसपाका सहअध्यक्ष श्रेष्ठका अनुसार भट्टराई जडसूत्रमा अल्झिएका छन् । उनले हजारौं नेता कार्यकर्तालाई भट्टराईले 'राजनीतिक बन्धक' बनाएको र त्यसलाई तोडेर अगाडि बढेको बताए । 'एउटा राजनीतिक प्रक्रियासम्म उहाँको नेतृत्व आवश्यक थियो । स्वीकार्‍यौं । तर, अहिलेको सन्दर्भमा उहाँको राजनीतिक गन्तव्य उपयुक्त छैन,' उनले भने, 'त्यही भएर हामी अलग भयौं । राजनीतिक रूपमा बन्धक भइरहन त सक्दैनौं ।'

शुक्रबार बसेको माओवादी स्थायी कमिटी बैठकले नेसपाको यादव समूहलाई पार्टी एकता प्रक्रियामा जोड्ने निर्णय गरेको थियो । डा. भट्टराईलाई तत्काल समेट्न नसकिने निष्कर्ष पनि थियो । सोहीअनुसार शनिबार भट्टराई र उनको समूहलाई छाड्दै यादव समूह माओवादीसँगको एकता प्रक्रियामा सामेल भएको छ ।

यसलाई लिएर डा. भट्टराईले माओवादी अध्यक्ष दाहालसँग कडा आक्रोश पोखेका छन् । उनले प्रधानमन्त्री दाहालबाट 'राजनीतिक ठगी' भएको आरोप लगाए । 'आज र भोलि पार्टीको केन्द्रीय समिति बैठक बस्दैछ । पार्टीमा छलफल नै नगरीकन भएको यो (यादव समूहको अलग हुने निर्णय) त राजनीतिक ठगी हो,' डा. भट्टराईले पत्रकारहरूलाई प्रतिक्रिया दिएका छन् ।

एकताका चर्चित राजनीतिज्ञ भट्टराई नेपालको सन्दर्भमा वैकल्पिक राजनीतिका सूत्रधारसमेत हुन् । तर, तत्कालीन पार्टी नयाँ शक्ति होस् या अहिलेको नेसपा, भट्टराईले मुखले मात्रै वैकल्पिक शक्ति बनाए । जनमतका आधारमा वैकल्पिक शक्ति बनाउन सकेनन् । परिणामतः उनका पछि लाग्ने ठूलो पंक्ति अलग भएका छन् ।

माओवादी सचिव गणेश साह भट्टराई पनि माओवादीमा आउने दाबी गर्छन् । 'उहाँकै गृहजिल्ला गोरखा त उहाँको पकडबाट माओवादीले फिर्ता लियो । अन्यन्त्र त्यस्तै छ । एक तरिकाले भन्ने हो भने उहाँ एक्ला वृहस्पतिजस्तै हुनुभयो,' उनले भने, 'अझै कमजोर हुने छन् । त्यसपछि उहाँको पनि फर्काइ माओवादीमै हो ।'

डा. भट्टराई यसअघि समाजवादी मोर्चाको माध्यमबाट माओवादीमा फर्किने चर्चा थियो । तर, समाजवादी मोर्चामै उनको दल अटेन । कारण, उपेन्द्र यादव नेतृत्वको जनता समाजवादी पार्टी (जसपा) मोर्चामा रहे । यसपछि भट्टराईले पार्टीलाई मोर्चामा आबद्ध गराएनन् र कमजोर भइसक्दा पनि माओवादीसँगको एकता प्रक्रिया बढाएनन् ।

■■■

### तीन बालबालिकाको...

आगलागीको कारणबारे कुनै जानकारी प्राप्त भएको छैन । स्थानीयवासी, प्रहरी र राजविराजबाट आएका वारुणयन्त्रको सहयोगमा आगो निभाइएको थियो ।

मोरङको रंगेली-३ बाबुसाहेव टोलको सन्थाल बस्तीमा आगलागी हुँदा १९ घर जलेको इलाका प्रहरी प्रहरी कार्यालय रंगेलीले जनाएको छ । शनिबार दिउँसो २:३० बजेतिर सुरू भएको आगलागी नियन्त्रणमा आइसकेको प्रहरी प्रमुख प्रहरी निरीक्षक बुद्धि चौलागााईंले जानकारी दिए । बाक्लो बस्ती रहेकाले आगलागीका कारण धेरै घरमा क्षति पुगेको उनको भनाइ छ ।

उन्नाइस घरधुरीका २५ परिवार आगलागीबाट विस्थापित भएका रंगेली नगरपालिकी उपप्रमुख गोमा पराजुलीले बताइन् । विस्थापित परिवारलाई स्थानीय सरकारले राहत उपलब्ध गराउन थालिसकेको उपप्रमुख पराजुलीले बताइन् ।

कानेपोखरी गाउँपालिका, रंगेली, बेलबारी, पथरीशनिश्चरे र सुन्दरहरैंचा नगरपालिका र विराटनगर महानगरका बारुणयन्त्र, प्रहरी, सशस्त्र प्रहरी र स्थानीयको सहयोगमा करिब तीन घण्टापछि आगो निभाउने काम भएको हो । घटनाबाट भएको क्षतिको विवरण भने आइ नसकेको उपप्रमुख पराजुलीले बताएकी छन् ।

यता रामेछापको रामेछाप नगरपालिका-९ मा भएको अगालागीबाट एक करोड ८६ लाख ३१ रूपैयाँ बराबरको क्षति भएको छ । आगलागीबाट पूर्णबहादुर नेवार, धनमाया श्रेष्ठ, रमेश श्रेष्ठ, उत्तरकुमारी श्रेष्ठ, सीताराम नेवार, मीनबहादुर नेवार, मानकुमारी नेवार, बमबहादुर श्रेष्ठका घर जलेर पूर्णरूपमा क्षति भएको हो ।

जिल्ला प्रहरी कार्यालय रामेछापका प्रहरी नायब उपरीक्षक होमबहादुर पराजुलीका अनुसार स्थलगत रूपमा अनुगमन गरी क्षति विवरण संकलन गरिएको हो । आगलागीले कच्ची घरसहित लत्ताकपडा, अन्नपात, भाँडावर्तन, नगद र सुनका गहनालगायत क्षति भएको प्रहरीले जनाएको छ । बिहीबार सामुदायिक वनमा लागेको डढेलो बस्ती छिरेपछि आगलागीमा परी १२ घर जलेको थियो ।

तनहुँमा सतर्कता

तनहुँ डढेलोको जोखिममा रहेपछि डिभिजन वन कार्यालयले सचेतनामूलक कार्यक्रम सञ्चालन गरेको छ । सुख्खायाम सुरू भएसँगै जिल्लाका सामुदायिक वनमा डढेलोको समस्या देखिन थालेको पनि छ । सोहीकारण जनधनको क्षति हुनबाट जोगाउन सचेतना अपनाउने गरी कार्यक्रम सञ्चालन गर्नुपरेको सहायक वन अधिकृत काशीराज पण्डितले बताए । उनका अनुसार आगलागीबाट पर्यावरणमासमेत गम्भीर प्रभाव पर्छ ।

उनले भने, 'डढेलोबाट भुइँमा झरेको रुखको बीउ डढेर उम्रन नपाउने, लाथ्रा अवस्थाको वनमा डढेलो लागेमा रुख धोद्रो हुने, डढेलोले वनमा भएको जैविक विविधतामा ह्रास आउने, वन्यजन्तुको बासस्थान विनास भई त्यसको संरक्षण र विकासमा बाधा पुग्ने तथा वनमा लागेको आगो नजिकको गाउँघरमा सरी धनजनको क्षति हुने जोखिममा रहने हुन्छ ।'

वन डढेलो सबैको साझा चुनौती भएकाले सबैको सहकार्यबाट मात्र यसको नियन्त्रण सम्भव रहेको पण्डितले बताए । उनका अनुसार वन डढेलो हुन नदिन वनमा अग्निरेखा बनाइ रुखका पात भर्ने समयमा सफा गर्ने, वनजंगल बाहिर लगेर मात्र गोल पोल्ने, आगो बल्ने चिज लिएर वनमा नजाने, सुकेका र ढलेका रुख तथा हाँगा सुख्खा मौसमअगावै हटाउने गर्नुपर्दछ ।

पण्डितले भने, 'गोठाला तथा केटाकेटीले मनोरञ्जनका लागि वनमा आगो बाल्नाले, वन नजिकका खेतबारीमा झारपात डढाउँदा आगो बाल्ने र ननिभाउने गर्नाले पनि आगलागीका घटना हुन सक्छन्, यसतर्फ सचेत हुनुपर्छ ।'

जिल्लाको ८२ हजार ५४९ हेक्टर क्षेत्रफल वनले ओगटेको छ । जिल्लाका १० स्थानीय तहमा ६१६ सामुदायिक वन, ४८५ कबुलियती वन, छ धार्मिक वन छन् ।

■■■

### महानिर्देशक दाहाल ...

बडाल पशुपन्छी औषधि व्यवसायी संघका पूर्वअध्यक्ष र कान्तिपुर भेट डिस्ट्रिब्युटरका सञ्चालक हुन् । त्यसैले उनले महानिर्देशकलाई प्रभावमा पार्न कार्यालय समयमा नै जन्मदिन मनाइदिन पुगेको विभागका कार्यरत कर्मचारी बताउँछन् ।

महानिर्देशक दाहालले जन्मदिन मनाएको विषय स्वीकार गरे । तर व्यवसायीहरूको कार्यकक्षमै आएर दिएको शुभकामना स्वीकारमात्र गरेको दाबी गरे । 'व्यवसायी संघका तर्फबाट भन्दै एक्कासि साथीहरू आउनुभो । मैले अन्यथा लिन सकिनँ । जन्मदिनको शुभकामना स्वीकार गरेको मात्र हुँ,' दाहालले भने ।

पूर्वसचिव काशीराज दाहाल कार्यकक्षमै जन्मदिन मनाउनु अनैतिक कार्य भएको बताउँछन् । 'कार्यालयसँग हुने व्यावसायिक काममा प्रत्यक्ष सरोकार भएका व्यापारीले कार्यकक्षमा गएर जन्मदिन मनाइदिनु दण्डनीय हो । यसले के प्रस्ट पार्दछ भने व्यापारी आफ्नो स्वार्थ पूरा गर्नका लागि कर्मचारीलाई प्रयोग गर्न खोजिरहेका हुन्छन् । त्यसकारण जसले जन्मदिन मनाइदियो उसलाई पनि कारबाही हुनुपर्छ,' उनले प्रभावसँग भने ।

व्यवसायी बडाललाई यसबारे प्रश्न गर्दा महानिर्देशक दाहाल आफ्नो परिवारभित्रको व्यक्ति भएकाले टिम नै गएर जन्मदिन मनाइदिएको बताए । पशुपन्छीलाई प्रयोग हुने औषधि आयात तथा वितरण गर्ने बडाल विवादित व्यक्तिका रूपमा चिनिन्छन् । राजनीतिक तथा प्रशासनिक पहुँचका आधारमा चलखेल गर्दै आएका छन् । केही महिनाअघि मात्र लम्पी स्किन महामारीका समयमा भ्याक्सिन आयातसम्बन्धमा उनी विवादमा तानिएका थिए ।

बडालको पशुपन्छी औषधि आयात गर्ने कान्तिपुर भेट डिस्ट्रिब्युटर्समा केही महिनाअघि राजस्व अनुसन्धान विभागले छापासमेत मारेको थियो । विभागले उनीमाथि छानबिन गरिरहेको जनाएको छ ।

■■■

### फागुनमा विदेसिने ...

त्यस्तै फागुन महिनामा इपिएस प्रणालीबाट दक्षिण कोरिया जाने नेपालीको संख्या ७३० रहेको छ ।

विभागबाट कूल श्रम स्वीकृति लिनेमध्ये पुनः श्रम स्वीकृति लिने २५ हजार ७३८ जना छन् भने पहिलोपटक विदेश जान श्रम स्वीकृति लिनेको संख्या ३९ हजार ९२० जना रहेका छन् । चालु आवको आठौं महिनामा श्रम स्वीकृति लिनेमध्ये छ हजार ७६८ जना महिला श्रमिक रहेको विभागले उल्लेख गरेको छ । पछिल्लो समय वैदेशिक रोजगारीका लागि युरोपेली मुलुकमा जान श्रम स्वीकृति लिने नेपालीको संख्या क्रमिक रूपमा बढ्दै गएकोसमेत विभागको तथ्यांकमा देखिन्छ ।

■■■

### प्रगतिशील मञ्चको...

वनभोज कार्यक्रममार्फत वैदेशिक रोजगार क्षेत्रलाई व्यवसायीमाझ साझा थलोको रूपमा विकास गर्न प्रगतिशील मञ्च सफल भएको संघका अध्यक्ष भण्डारीले बताए । उनले यस्ता कार्यक्रमले सम्पुर्ण ब्यावसायीहरूमा सुमधुर सम्बन्ध स्थापना गर्न महत्त्वपूर्ण भूमिका खेल्नेमा आफू विश्वस्त रहेको बताए ।

वैदेशिक रोजगार व्यवसायी सदस्यहरूबीच आपसी सम्बन्ध प्रगाढ बनाउन र आत्मीयता बढाउन वनभोज कार्यक्रमको आयोजना गरिएको मञ्चका अध्यक्ष जनक रावलले बताए । 'व्यवसायीबीच आपसी एकता तथा भाइचाराको सम्बन्ध र भावना बलियो वनाउने विश्वासका साथ गत वर्षदेखि वनभोज कार्यक्रम आयोजना गर्न थालिएको हो,' उनले भने ।


**निक्षेप उपर हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना**

(सूचना प्रकाशित २०८०/१२/०४ गते)

महेश सिंहको नाती, गोपाल सिंहको छोरा, पर्सा जिल्ला विरगंज म.न.पा वडा नं १०, बस्ने श्री राजकिशोर सिंह राजपुतको मिति २०७९/०३/१९ गते मा मुत्यु भएकोले निजको नाममा यस बैंक शाखामा रहेको बचत खाता नं. ००३०१९५४१२१००००१ मा मौज्दात रहेको रकम भुत्तानी पाउँ भनि निज खातावालको छोरा दिपक कुमार सिंहले यस बैंक शाखामा निवेदन दिनुभएको हुँदा उक्त निक्षेप उपर निज निवेदको बाहेक अन्य कसैको हकदावी भए यो सुचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्र अग्राधिकारवाला हकदारहरुले सबुत प्रमाण सहित दावी गर्नु हुन यो सुचना प्रकाशित गरिएको छ । म्याद भित्र प्राप्त नभएको र रित नपुगेको दरखास्त उपर कुनै कारबाही नहुने ब्यहोरा यसै सुचनाद्धारा जानकारी गराइन्छ ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सबैका लागि

शाखा कार्यालय विरगंज फोन नं. ०५१-५२४८१२/१३



**कुमारी सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लिमिटेडको**

KUSCCOOP Since 2000

केन्द्रीय कार्यालय : कुमारी सहकारी भवन, कुमारी चोक, चावहिल काठमाडौं
फोन नं.४५७८००६, ४५६५१०२
सदस्य सेवा केन्द्रहरू : कालिमाटी : ५३८२५२४ । ठमेल : ४५१२८४२ । साँखु : ४५५१८७३
माछा पोखरी : ४३८३६८९ । कोटेश्वर : ५९००६१०

**ऋणीलाई ऋणकर्जा चुक्ताभुक्तान गर्न जारी गरिएको ३५ दिने सार्वजनिक सूचना**

प्रथम पटक प्रकाशित मितिः २०८०।१२।०४ गते, आईतबार

यस कुमारी सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि. बाट तपशिलमा उल्लेखित ऋणीहरूले प्राप्त गरेको ऋण कर्जाको समयावधि समाप्त भएको तथा यस संस्थासँग गरेको सम्झौता बमोजिम समय समयमा बुझाउनु पर्ने साँवा, ब्याज र हर्जना लगायत अन्य दस्तुर आदि नतिरी नबुझाई संस्थासँग गरेको कर्जा सम्बन्धी शर्त बन्देजहरू उल्लंघन गरेकोले संस्थाको सम्पूर्ण लेना रकम चुक्ता गर्न पटक-पटक तारताकेता गरेको, सो गर्दा समेत संस्थाको कर्जा चुक्ता गर्नेतर्फ कुनै चासो नदेखाई बेवास्ता गरी बसेको हुँदा यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा यथाशीघ्र यस संस्थामा सम्पर्क गरी कर्जाको तिर्नुपर्ने भाखा नाघेको साँवा ब्याज र हर्जना सहित सम्पूर्ण रकम चुक्ता गर्नु हुन सूचित गरिन्छ। उल्लेखित मितिभित्र पनि रकम दाखिला हुन नआएमा सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५, प्रदेश सहकारी ऐन २०७६, प्रदेश सहकारी नियमावली २०७६, संस्थाको स्वीकृत विनियम, संस्थाको कर्जा असुली नीति २०६२ तथा अन्य प्रचलित नेपाल कानुन बमोजिम लिलाम बिक्री गरी वा अन्य जायजेथा जो जे बाट हुन्छ असुलउपर गरिने छ। असुल उपर हुन नसकेको ऋण रकम ऋणी, जमानी तथा धनजमानी दिनेको घर, जायजेथा, चलअचल श्री सम्पत्ति जो जे हुन्छ। सो समेतबाट असुलउपर गरिने व्योहोरा सम्बन्धित सबैलाई जानकारी गराइन्छ।

**तपसिल**

| ऋणीको नाम ठेगाना (तीनपुस्ते) | ब्यक्तिगत जमानी/ धनजमानीको नाम ठेगाना | धितोको बिवरण : |
|---|---|---|
| मिकमार तामाङ्ग<br>ना.प्र.न.२२-०१-७०-०००४९<br>बाजेको नाम :- बाला सिङ तामाङ्ग<br>बुवाको नाम :- चलन बहादुर तामाङ्ग<br>स्थायी ठेगाना:- शैलुङ्ग गा.पा.१<br>हालको ठेगाना:- बुनपा ११ काठमाडौं <br>सुबास तामाङ्ग<br>ना.प्र.न.००७८२,दोलखा<br>बाजेको नाम :- बाला सिङ तामाङ्ग<br>बुवाको नाम :- चन्द्र कुमार तामाङ्ग<br>स्थायी ठेगाना:- ताम्चेत दुधपोखरी गा.पा वार्ड नं.३, दोलखा<br>हालको ठेगाना:- बुनपा ११ काठमाडौं  | नामः चन्द्र कुमार तामाङ्ग<br>ना.प्र.न.२४३०/६२० (०४६/२/१४) दोलखा<br>बाजेको नाम :- लक्ष्मण सिङ तामाङ्ग<br>बुवाको नाम :- वाला सिङ तामाङ्ग<br>स्थायी ठेगाना :- ताम्चेत दुधपोखरी गा.पा ३,<br>दोलखा हालको ठेगानाः बुनपा ११, काठमाडौं | काठमाडौं जिल्ला महांकाल वडा नं. २<br>नक्सा सिट नं. १०२०९०७२५<br>कित्ता नं. १९५<br>क्षेत्रफलः १०९२।४५ ब.मि<br>क्षेत्रफल जग्गा तथा सो ले चर्चेको सम्पुर्ण लिगलगापात समेत |



**बेलबारी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
प्रदेश नं. १, मोरङ, नेपाल

**जनहितमा जारी सन्देश**

**उद्योग तथा व्यवसायका लागि**

- विक्रेताले विक्री वितरण हुने समानको मूल्यसूचि स्पष्ट रूपमा देखिने गरी विक्री कक्षमा राख्नु पर्नेछ ।
- नापतौल यन्त्र खरिद गरेको ३५ दिनभित्र अनिवार्य रूपमा नापतौल कार्यालयबाट अनुमति पत्र लिई मात्र प्रयोग गर्ने ।
- आफूले प्रयोग गरेको नापतौल तथा नाप्ने, तौलने यन्त्रहरू (ढक, काँटा, लिटर, मिटर) तोकिएको समयमा जाँच तथा नविकरण गराउने ।
- नापतौल तथा नाप्ने तौलने यन्त्रहरू विक्री गर्नुपरेमा अनिवार्य रूपमा सम्बन्धित नापतौल कार्यालयबाट इजाजत पत्र लिएर मात्र विक्री वितरण गर्ने ।
- खरिद गरेको सामानको नाप वा तौल शंका लागेमा पुनः तौल गर्न लगाउने ।
- नापतोल सम्बन्धी कुनै शंका वा गुनासो भए गुणस्तर तथा नापतौल कार्यालयमा जानकारी उजुरी दिने ।
- होटल व्यवसायमा खानेकुराको सम्पर्कमा आउने सम्पूर्ण उपकरण, भाँडावर्तन तथा सतहलाई खानामा प्रयोग गर्न सकिने जीवाणुनाशक वस्तु (सेनिटाइजर) र तातोपानी प्रयोग गरी सरसफाई गर्नु पर्ने छ ।
- किट (हानिकारक जीव) हरूको नियन्त्रण गर्ने पर्याप्त व्यवस्था हुनु पर्नेछ ।
- विमारी परेका वा झाडापखाला लागेका भनिएका कामदारहरूलाई पछिल्लो पटक त्यस्तो लक्षण देखिएको दिनदेखि ४८ घण्टासम्म काममा नलगाउने ।
- खाने (पकाउने तेल एउटा पदार्थ पक्काइसकेपछि नियमित रूपमा फेरबदल गर्नुपर्नेछ ।
- खानेकुरालाई कम्तिमा ७५ डिग्री सेल्सियस तापक्रममा पुग्ने गरी राम्ररी पकाउनु पर्नेछ ।
- बासी, सडेगलेका अस्वाभाविक गन्ध, रंग तथा स्वाद भएका खाद्य पदार्थ उपभोग नगरौं ।
- मासु, दुग्ध पदार्थ, माछा तथा अण्डालगायत छिटो सडीगली जाने खानेकुराहरूलाई ५ डिग्री सेल्सियस या सोभन्दा तलको तापक्रममा रेफ्रिजेनेरेटरमा भण्डारण गर्ने र त्यसमा भण्डारण मिति तथा समय ठिकसँग लेबल लगाउनु पर्नेछ ।
- पकाएको खानेकुरालाई छोपेर जतिसक्दो चाडो २ घण्टाभित्र ५ डिग्री सेल्सियसको तापक्रममा राख्नु पर्नेछ ।
- तोकिएको परिधिभित्र मात्र खाद्य रंग तथा अन्य प्रयोग गर्ने स्वीकृत योगशील प्रयोग गर्ने ।
- स्वच्छ पानी र स्वच्छ कच्चा पदार्थको प्रयोग गर्ने ।
- ढाँटी झुक्काई कम गुणस्तरको खाद्यवस्तु विक्री वितरण नगर्नु र अभिलेख व्यवस्थित तवरले राख्ने
- दुग्ध उत्पादक संकलनकर्ता, प्रशोधनकर्ता, उद्योगी र विक्रेताले दुध तथा दुग्धपदार्थको स्वच्छता एवम् गुणस्तरसम्बन्धी निर्देशिका, २०७५ मा व्यवस्था भएका स्वच्छता एवम् गुणस्तर सम्बन्धी मापदण्डहरू पालना गरेर मात्र दुध तथा दुग्ध पदार्थको उत्पादन, सङ्कलन, प्रशोधन र विक्री वितरण गरौं ।
- उद्योग व्यवसाय सञ्चालनका लागि अनिवार्य सरकारी निकायबाट अनुमति लिनुपर्ने छ र अनुमति ग्राहक तथा उपभोक्ताले देख्ने गरी राख्नु पर्नेछ ।

**वस्तु तथा सेवामा समान पहुँच, गुणस्तरीय वस्तुको छनौट, मूल्य परिणाम, परिणाम शुद्धता र गुणस्तर स्वास्थ्यमा हानी पुर्‍याउने वस्तु तथा सेवाको विक्री वितरणबाट सुरक्षा अनुचित व्यापारिक तथा व्यवसायजन्य क्रियाकलाप विरुद्ध उजुरी प्रयोग गरिएका वस्तुबाट भएमा आफ्नो कर्तव्य र अधिकारप्रति सचेत रहौं ।**



**अल्लोको प्रशोधन** | दाङको घोराही उपमहानगरपालिका-१३ नयाँबसपार्कस्थित सहनशील दिदीबहिनी अल्लो धागो उद्योगमा अल्लोलाई प्रशोधन गरिँदै । *तस्बिर: कुलदीप न्यौपाने/रासस*

## रामेछापमा आगलागी हुँदा करोडौंको क्षति

**मन्थली (प्रस)–** रामेछापको रामेछाप नगरपालिका-९ मा बिहीबार भएको अगालागीबाट एक करोड ८६ लाख रूपैयाँ बराबरको क्षति भएको छ । आगलागीबाट पूर्णबहादुर नेवार, धनमाया श्रेष्ठ, रमेश श्रेष्ठ, उत्तरकुमारी श्रेष्ठ, सीताराम नेवार, मीनबहादुर नेवार, मानकुमारी नेवार, बमबहादुर श्रेष्ठका घर जलेर पूर्णरूपमा क्षति भएको थियो ।

जिल्ला प्रहरी कार्यालय रामेछापका प्रहरी नायब उपरीक्षक होमबहादुर पराजुलीका अनुसार शुक्रबार स्थलगत रूपमा अनुगमन गरी क्षति विवरण संकलन गरिएको हो । आगलागीले कच्ची घरसहित लत्ताकपडा, अन्नपात, भाँडावर्तन, नगद र सुनका गहनालगायत क्षति भएको प्रहरीले जनाएको छ । बिहीबार सामुदायिक वनमा लागेको डढेलो बस्ती छिरेपछि आगलागीमा परी १२ घर जलेको थियो ।

# शिक्षा समितिमा सुरू भएन सभापति चयनको प्रक्रिया

## शिक्षा विधेयक संशोधनमा विलम्ब

■ **प्रकाश सिलवाल**

**काठमाडौं–** नयाँ शिक्षामन्त्री नियुक्ति र प्रतिनिधिसभाको शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समिति सभापति रिक्त भएपछि 'विद्यालय शिक्षा विधेयक-२०८०' माथिको दफाबार संशोधन प्रक्रिया प्रभावित भएको छ ।

समितिका सभापति भानुभक्त जोशी गत फागुन २३ मा पुनःगठित मन्त्रिपरिषद्मा संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री नियुक्त भएका थिए । जोशी मन्त्री नियुक्त भएपछि प्रतिनिधिसभा नियमावली, २०७९ बमोजिम सभापति पद स्वतः रिक्त भएको हो । समितिमा विद्यालय शिक्षा विधेयकका साथै नेपाल विश्वविद्यालय विधेयक, सार्वजनिक प्रसारणसम्बन्धी विधेयक र सहिद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय विधेयक विचाराधीन छ । सुरक्षण मुद्रणसम्बन्धी विधेयक दफाबार छलफल भई अन्तिम रूप दिन बाँकी छ । अन्य विधेयकमा छलफल जारी छ । विद्यालय शिक्षा विधेयकमाथि विभिन्न सरोकारवाला र विज्ञसँग छलफल सम्पन्न भई गत फागुन २० गते संशोधनकर्ता सदस्यसँग छलफल सुरू भएको थियो । सो विधेयकलाई प्रदेशस्तरमा छलफलका लागि लाने समितिको योजना छ ।

नेपाल शिक्षक महासंघलगायत सरोकारवाला पक्षले विद्यालय शिक्षा विधेयक चाँडो पारित गराउन सरकार र संसद्लाई आग्रह गर्दै आएको छ । महासंघका अध्यक्ष कमला तुलाधरसहितको टोलीले नवनियुक्त शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री सुमना श्रेष्ठ, सचिव सुरेश अधिकारीलाई शुक्रबार सिंहदरबारमा भेटेर विगतको सहमतिबमोजिम विधेयक चाँडो ल्याउन ध्यानाकर्षण गराएको छ । महासंघका महासचिव लक्ष्मीकिशोर सुवेदीले सरकार र आफूहरूबीचका सहमति कार्यान्वयन हुनेगरी चाँडो विधेयक ल्याउन स्मरण गराएको बताए । पुनःगठित सरकारले ती सहमतिबारे कुनै प्रतिक्रिया नदिएकाले आफूहरू पर्ख र हेरको अवस्थामा रहेको महासचिव सुवेदीले बताए । भेटमा सहभागी नेपाल विद्यालय कर्मचारी परिषद्का बागमती प्रदेश अध्यक्ष रामशरण फुयाँलले सामुदायिक विद्यालयका कर्मचारी दरबन्दी सिर्जना गर्न वा उपयुक्त विकल्प दिन मन्त्री श्रेष्ठलाई आग्रह गरेको जानकारी दिए । राहत शिक्षक संघर्ष समितिले आन्तरिक प्रतिस्पर्धामा ७५ प्रशितसम्म कोटा दिने सहमति कार्यान्वयन नभए पुनःसडक आन्दोलनमा जाने चेतावनी मन्त्री श्रेष्ठलाई दिएको छ । हाल करिब ४० हजार राहत शिक्षक कार्यरत छन् ।

शिक्षामन्त्री श्रेष्ठ आबद्ध दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले शिक्षक, कर्मचारीलगायत कुनै पनि पेसामा रजनीतिक दलको भ्रातृसंगठन कायम नराख्ने नीति लिएकाले विधेयकमा ती सहमतिका विषय पेचिलो बन्न पुगेको छ । शिक्षक महासंघका प्रतिनिधिका कुरा सुनेर अरू प्रतिक्रिया नदिई मन्त्री श्रेष्ठले आफ्नो कार्यकक्षको 'स्मार्ट बोर्ड'मा लेखिएको 'विद्यालयमा राजनीतिक दल र संगठन नखोल्ने हेरेर जान' आग्रह गरेकी थिइन् । शिक्षाविद् एवं बुद्धिजीवीहरूले विद्यालयमा दलीय हस्तक्षेप अन्त्य गरी गुणस्तरीय शिक्षाको वातावरण सहज हुने कानुन बनाउन आग्रह गर्दै आएका छन् ।

विद्यालय शिक्षासम्बन्धी कानुनलाई एकीकरण र संशोधन गर्न तत्कालीन शिक्षामन्त्री अशोककुमार राईको कार्यकालमा गत भदौ २७ गते प्रतिनिधिसभामा विधेयक दर्ता भएको थियो । सो विधेयकमा १६३ दफा छ । १५० बढी सांसदका एक हजार ७०० संशोधन परेका छन् । सरकारले संसद्मा विधेयक दर्ता गराएपछि असन्तुष्ट महासंघले काठमाडौंकेन्द्रित आन्दोलन गरेका थिए । आन्दोलनपछि गत असोज ५ र १२ गते दुई चरणमा शिक्षक, कर्मचारीका माग र मुद्दामा सहमति भएको थियो । मन्त्री राईले सहमतिको विषय प्रतिनिधिसभामा सैद्धान्तिक छलफलका क्रममा प्रस्तुत गरेका थिए । नयाँ शिक्षामन्त्रीले उक्त सहमतिलाई कसरी स्वामित्व लिने भन्ने स्पष्ट भइसकेको छैन ।

विद्यालय शिक्षासँग सम्बन्धित प्रचलित कानुनलाई संशोधन र एकीकरण गर्न ल्याएको सो विधेयक पारित भई ऐन जारी भएपछि शिक्षा ऐन, २०२८ खारेज हुने छ ।

### सुरू भएन सभापति चयनको प्रक्रिया

प्रतिनिधिसभा नियमावली, २०७९ को दफा १७७ को (५) (२) मा विषयगत समितिको सभापतिको पद रिक्त भएको मितिले १५ दिनभित्र निर्वाचन गरिसक्नुपर्ने व्यवस्था छ । तर शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिको निर्वाचन कार्यतालिका हालसम्म प्रकाशन भएको छैन । नियमावलीको दफा १७६ मा सभामुखले तोकेको दिन सभापतिको निर्वाचन हुने छ र त्यसको सूचना सचिवले ४८ घण्टाअगावै प्रकाशन गर्नुपर्ने भनिएको छ ।

समितिका ज्येष्ठ सदस्य डा. कालुराम राईले सभापतिको निर्वाचन गराउन वा बैठक सञ्चालनबारे सभामुख वा संसद् सचिवालयको जानकारी आएमा आफूहरूले अध्यक्षता र सञ्चालन गर्ने बताउँदै हालसम्म केही संवाद नभएको प्रतिक्रिया दिए । उक्त समितिको सभापति यसअघिको राजनीतिक सहमतिमा नेकपा एकीकृत समाजवादीको भागमा परेकामा नयाँ सत्ता गठबन्धन बनेपछि कुन दलका सांसदको भागमा पर्ने यकीन भएको छैन । *रासस*


नेपाल राष्ट्र बैंकबाट 'ग' वर्गको इजाजत प्राप्त संस्था
**Progressive Finance Limited**
प्रोग्रेशिभ फाइनान्स लिमिटेड
कर्पोरेट कार्यालय : तिनकुने, काठमाण्डौं
फोन : ०१-५१९९६६४, ५१९९६६५

**प्रोग्रेशिभ फाइनान्स लिमिटेडको तपसिलको ऋणी तथा धनजमानीकर्तालाई कर्जा रकम चुक्ता भुक्तान गर्न आउने वारेको ९० दिने सार्वजनिक सूचना**

(प्रकाशित मिति २०८०/१२/०४ गतेको प्रभाव राष्ट्रिय दैनिक)

यस संस्थाबाट तपसिलमा उल्लेखित ऋणीले उपभोग गरेको कर्जाको साँवा तथा व्याजको किस्ता यस संस्था सँग गरेको शर्त सम्झौता बमोजिम बुझाउनु पर्नेमा नबुझाई कर्जा सम्बन्धी शर्त कबुलियत उल्लंघन गर्नु भएको तथा पटक पटक मौखिक ताकेता गर्नका साथै मिति २०८०/०४/०९ गते अन्नपुर्ण पोष्ट राष्ट्रिय दैनिकमा पत्रिकामा ३५ दिने कर्जा चुक्ता गर्न आउने सार्वजनिक सूचना साथै मिति २०८०/०५/३१ गते अन्नपुर्ण पोष्ट राष्ट्रिय दैनिकमा १५ दिने, २०८०/०८/०५ गते राजधानी दैनिकमा ७ दिने र २०८०/०९/०२ गते नेपाल समाचारपत्रमा पुनः ७ दिने गरी तीन पटक सम्म धितो लिलामी सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरेता पनि बोलपत्र पेश हुन नआएकाले यस फाइनान्सको संचालक समितिको मिति २०८०/११/२८ को निर्णय अनुसार उक्त घरजग्गा तथा सम्पूर्ण लिगलगापात समेत श्री नेपाल राष्ट्र बैंकको एकिकृत निर्देशन २०८०/८१ को इ.प्रा. निर्देशन नं २/०८० को उपबुदा ११ बमोजिम र गैर बैंकिङ्ग सम्पत्ति दा.खा. नीतिमा भएको ब्यबस्था बमोजिम फाइनान्स आफैले सकार गरी लिने र धितो सकार पश्चात् समेत यस वित्तीय संस्थाको सम्पूर्ण लेना रकम चुक्ता भुक्तान नभएकोले सोही निर्णय बमोजिम यो ९० दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । तसर्थ यो सूचना प्रकाशित भएको मितिले **९० दिन भित्र** यस संस्थाको बाँकी लेना रकम चुक्ता भुक्तान गर्नुहुन ऋणी तथा व्यक्तिगत धनजमानीकर्तालाई यसै सूचना मार्फत अनुरोध गरिन्छ । अन्यथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, प्रचलित कानून तथा ऋणी र संस्था बीच भएको शर्त सम्झौता र संस्थाको नियम बमोजिम कर्जा वापत धितो लेखिदिएको धितोबाट कम्पनीको लेना रकम असुल उपर गर्न नपुग भएकोले ऋणी तथा व्यक्तिगत धनजमानत दिने व्यक्तिहरुको घर घरानाका साथै अन्य चल अचल जायजेथा समेतबाट असुल उपर गरिनेछ । साथै कर्जाको सुरक्षण वापत चल र अचल सम्पत्ति धितो लेखिदिने तथा धनजमानी बस्ने व्यक्तिलाई पनि यसै सूचनालाई दृष्टिगत गरी ऋण रकम चुक्ता गर्न गराउन लगाउन अनुरोध गरिन्छ । अन्यथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, प्रचलित कानून तथा यस संस्थासँग भए गरेको लिखित शर्त सम्झौता अनुसार कारवाही गरी संस्थाको लेना रकम असुल उपर गरिनुका साथै सम्बद्ध पक्षहरुलाई कर्जा नियमानुसार कर्जा सूचना केन्द्रको कालो सूचिमा समेत समावेश गर्ने व्यहोरा जानकारी गराइन्छ ।

तपसिल

| ऋणीको नाम, ठेगाना र तिन पुस्ते विवरण | व्यक्तिगत धनजमानीकर्ताको विवरण | |
|---|---|---|
| १. **ऋणीको नाम : उन्नभ आल्मुनियम सप्लायर्स**<br>ठेगाना : बनेपा-०७, काभ्रे<br>दर्ता नं : ५४७९/०७७/०७८, जारी मितिः २०७७/०६/०४<br>प्यान नं.: ६१३६९३९०१, जारी मितिः २०७७/०६/०४<br>दर्ता कार्यलयः घरेलु तथा साना उद्योग कार्यालय, धुलिखेल, काभ्रे<br>**प्रोप्राइटर/धनजमानीकर्ताको नाम : उमेश अवाल**<br>बावुको नामः लाल काजी अवाल<br>बाजेको नामः जुगु नरसिं अवाल<br>पत्नीको नामः सदिक्षा पोटे<br>ठेगानाः बनेपा न.पा.- ७, काभ्रे<br>ना.प्र.नं- ३०-०१-०६६-०२४८६<br>जारी मितिः २०६६/११/११, जारी जिल्लाः काभ्रे<br>**कर्जा शीर्षकः व्यवसायिक चालु पुँजी कर्जा र व्यवसायिक आवधिक कर्जा, शाखा कार्यालय : उग्रतारा, बनेपा, काभ्रे** | **क) नामः पुण्येश्वरी अवाल**<br>बावुको नामः सहदेव अवाल<br>पतिको नामः लाल काजी अवाल<br>ससुराको नामः जुगु नरसिं अवाल<br>ठेगानाः भक्तपुर-५, भक्तपुर, हालः बनेपा ७, काभ्रे<br>ना.प्र.नंः १२३४,<br>जारी मितिः २०४३/०५/१५<br>जारी जिल्लाः भक्तपुर<br>**ख) नामः सदिक्षा पोटे**<br>बावुको नामः मदन काजी पोटे<br>पतिको नामः उमेश अवाल<br>ससुराको नामः लाल काजी अवाल<br>ठेगानाः बनेपा-४, काभ्रे, हालः बनेपा-७, काभ्रे<br>ना.प्र.नंः ३०१०५१ /१८०७२८<br>जारी मितिः २०६६/०२/३१,<br>जारी जिल्लाः काभ्रे | **ग) नामः लाल काजी अवाल**<br>बावुको नामः जुगु नरसिं अवाल<br>बाजेको नामः हिरा नरसिं अवाल<br>पत्नीको नामः पुण्येश्वरी अवाल<br>ठेगानाः भक्तपुर-५, भक्तपुर<br>हालः बनेपा-७, काभ्रे<br>ना.प्र.नं : १२३३<br>जारी मितिः २०४३/०५/१५<br>जारी जिल्लाः भक्तपुर<br>**घ) नामः दिनेश अवाल**<br>बावुको नामः लाल काजी अवाल<br>बाजेको नामः जुगु नरसिं अवाल<br>ठेगानाः बनेपा-१०, काभ्रे<br>हालः बनेपा-७, काभ्रे<br>ना.प्र.नं : १४१२५२<br>जारी मितिः २०६२/०४/०९,<br>जारी जिल्लाः काभ्रे |

**सुरक्षण धितोको विवरणः** सहदेव अवालको छोरी लाल काजी अवालको पत्नी पुण्येश्वरी अवालको नाममा जिल्ला मालपोत कार्यालय धुलिखेल, काभ्रेमा दर्ता श्रेष्ता कायम रहेको बनेपा १०, काभ्रे स्थित कित्ता नं. २८७१ को क्षेत्रफल ७४.७२ व.मि. भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।



**नारायणी डेभलपमेन्ट बैंक लि.**
**Narayani Development Bank Ltd.**
"नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतप्राप्त संस्था"
**रत्ननगर-१, टाँडी, चितवन, नेपाल,**
**फोन नं.०५६-५६०६०८, ५६१२५८**
E-mail : info@ndbl.com.np, Website: www.ndbl.com.np

**संस्थापक शेयर खरिद गर्न चाहनुहुने संस्थापक शेयरधनी महानुभावहरूलाई जरुरी सूचना !**

यस कम्पनीका संस्थापक शेयरधनीले आफ्नो नाममा रहेको ५०,०४२ कित्ता संस्थापक शेयर विक्री गर्न निवेदन दिनुभएकोले बैंकको मिति २०८०/१२/०१ को संचालक समितिको बैंठकले नेपाल राष्ट्र बैंकको निर्देशन, प्रचलित नियमानुसार विधि र प्रकृया पुऱ्याई विक्री गर्न प्रक्रिया अघि बढाउने निर्णय भएकोले उक्त संस्थापक शेयर खरिद गरी लिन ईच्छुक हाल कायम यस कम्पनिका संस्थापक शेयरधनीहरूको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यदी कुनै संस्थापक शेयरधनी महानुभावलाई कम्पनी संस्थापक शेयर खरिद गरी लिन ईच्छा भएमा यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्र आवश्यक कागजात प्रमाण संलग्न गरी कम्पनीको केन्द्रिय कार्यालय, रत्ननगर-०१, टाँडी, चितवनमा आफुले खरिद गर्ने शेयर कित्ताको व्यहोरा खुलाई निवेदन दिनु हुन सूचित गरिन्छ । संस्थापक शेयर खरिद गरी लिने सम्बन्धमा तोकिएको उक्त म्याद भित्र हाल कायम संस्थापक शेयरधनी महानुभावहरूको निवेदन पेश हुन नआएमा प्रचलित नियमानुसार अन्य व्यक्तिलाई बिक्री गर्ने सम्बन्धि आवश्यक कारवाही अघि बढाईने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



**पृथक वचत तथा ऋण सहकारी संस्था लि.**
कोटेश्वर ३२ , काठमाडौं
फोन नं : ०१ - ४११६९२

**कर्जा चुक्ता गर्न आउने ३५ दिने सार्वजनिक सूचना**

*प्रथम पटक प्रकाशित मिति २०८०/१२/०४*

यस पृथक वचत तथा ऋण सहकारी संस्था लि.बाट तपसिलमा उल्लेखित ऋणीले व्यापारिक प्रयोजनका लागि लिएको कर्जाको सावाँ, व्याज यस सहकारी संगको शर्त कबुलियत बमोजिम समय समयमा तिर्न बुझाउनु पर्नेमा नतिरी नबुझाई कर्जा सम्बन्धी शर्त बन्देज उल्लंघन गर्नु भएकाले संस्थाबाट पटक पटक लिखित तथा मौखिक रुपमा कर्जा चुक्ता गर्न कुनै चासो नदेखाएकाले तपाई ऋणीको नाममा यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित गरिएको मितिले ३५ दिन भित्र संस्थाको कार्यालयमा सम्पर्क राखि बुझाउनु पर्ने सम्पूर्ण सावाँ, व्याज र अन्य दैदस्तुर समेत चुक्ता भुक्तान गर्न आउनु हुन सम्बन्धित ऋणीलाई जानकारी गराईन्छ । अन्यथा सहकारी संस्थाको विनियम ऋण लगानी तथा असुली नियमावली, संसोधित सहकारी ऐन २०७४ तथा प्रचलित कानुन बमोजिम धितो लिलामी बिक्री प्रक्रियाबाट कर्जाको सम्पूर्ण रकम तथा असुली कारवाहीको सिलसिलामा उक्त कार्यविधि अनुसार भएको सम्पूर्ण खर्च समेत धितो लिलामी बिक्रिबाट असुली गरिने छ । धितो लिलाम बिक्रिबाट कर्जा असुली नभए ऋणीको अन्य घर घराना र चल अचल श्रीसम्पत्तिबाट असुल उपर गरिने जानकारी समेत सम्बन्धित पक्षलाई यसै सूचनाबाट जानकारी गरिन्छ ।

तपसिल

| ऋणीको विवरण | धितो विवरण |
|---|---|
| नाम : छत्र बहादुर बस्नेत<br>बुवा : सुर्ज बहादुर बस्नेत<br>बाजे : पदम बहादुर बस्नेत<br>ना.प्र. नं : १२-०१-७२-०२१०७<br>स्थायी ठेगाना : खोटाङ, मंगलबजार-०५<br>हालको ठेगाना : ललितपुर, भैसीपाटी-२५ | छत्र बहादुर बस्नेत तथा शितल प्रसाद शर्माको संयुक्त नाममा ललितपुर मालपोत कार्यालयमा दर्ता श्रेष्ता कायम रहेको ललितपुर छम्पी वडा नं ९ स्थित कित्ता नं क्रमश २१०, २१६, २१७, २३८ र ३२१ क्षेत्रफल २७०२.४५ वर्ग.मि को जग्गाले चर्चेको लिग लगापात समेत । |



**मलेसियामा वैदेशिक रोजगारको अवसर**

कम्पनी : Bern Security Sdn Bhd
पूर्व स्वीकृति मिति: २०८०/०७/२४ पून: स्वीकृति मिति: २०८०/१२/०३ LT. No. 293880 चलानी न. ६०२०८९९८

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | RM | ने.रू. | | | | | | | |
| 1 | Security Gurad | 61 | 0 | 1500 | ४२,३०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० चैत्र ११ गते (24nd Mar. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

LANGTANG OVERSEAS PVT. LTD. ISO 9001:2015 Govt. Lic. No.:1643/080/081
**LANGTANG OVERSEAS PVT.LTD.**
Basundhara-03, Kathmandu Nepal
info@langtangoverseas.com www.langtangoverseas.com
+977-14971229 , 5903079
9849442132, 9818497796, 9851354196



**युएइमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : INNOVATION DIRECT EMPLOYMENT SERVICES
पूर्व स्वीकृति मिति: २०८०/११/०६ पुन स्वीकृति मिति: २०८०/१२/०३ LT. No. 300219 चलानी नं. ६०२१६५३९

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | AED | ने.रू. | | | | | | | |
| 1 | Female Cleaner | 0 | 50 | 1300 | ४६,९६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: काठमाडौं-इन्द्रेणी ब्याङ्क्वीट, बसुन्धरा मितिः २०८० चैत ४ गते (17th Mar. 2024) मा हुनेछ ।
पोखरा-८, बाजेको सेकुवा, मितिः २०८० चैत ५ गते (18th Mar. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Yovant Recruitment Services PVT. LTD.)**
Samakhushi-26, Kathamndu, Nepal Phone No.01-4973973
Mob : 9815015291, 9849842264, 9851019844, yovant1652@gmail.com



**साउदीमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : DAR AL SHAATHANI TRADING COMPANY
पूर्व स्वीकृति मिति २०८०/१२/०१ LT. No. 301768 चलानी नं. ६०२१६५६७

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रू. | | | | | | | |
| 1 | Carpenter Furniture | 1 | 0 | 1200 | ४२,६४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० चैत ११ गते (24th Mar. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Elite Gurkhas Overseas Pvt. Ltd.**
Gongabu Town Planning-29 Kathmandu, Nepal, Tel.: +977-1-4975566, 4975567, 4975568
Fax: 977-1-4975566, E-mail: info@elitegurkhas.com.np, Web:www.elitegurkhas.com.np
श्रम ईजाजत नं.५३५/०६१/०६२

प्रभाव दैनिक
National Daily

सम्पादकीय

## आगलागीबाट जोगिऔं

सुक्खा मौसम सुरू भएसँगै मुलुकमा आगलागीका घटना बढेका छन् । शुक्रबार र शनिबार मात्रै देशका विभिन्न स्थानमा आगलागीका घटना भए । जसले दर्जनौं घर जल्नुका साथै मानवीय क्षतिसमेत पुऱ्याएको छ । भोजपुरको हतुवागडी गाउँपालिका–७ मा भएको आगलागीमा परी एकै परिवारका तीन बालबालिकाको मृत्यु भएको छ । जिल्लाकै भोजपुर नगरपालिका–१२ को टक्सारस्थित मागबाँसेमा आगलागी हुँदा छ वटा घर जलेर खरानी भएका छन् । वनमा लागेको डढेलो बस्तीमा पस्दा क्षति भएको बताइएको छ ।

यसैगरी सप्तरीको राजविराज, मोरङको रंगेली, रामेछापलगायतका स्थानमा पनि आगलागीले क्षति पुऱ्याएको छ । यही दुई दिनको बीचमा भएका आगलागीले तीन बालबालिकाको ज्यान लिएको छ । दजनौं घर जल्दा करोडौं क्षति भएको छ । कतिपय स्थानमा आगलागी नियन्त्रणमै आएको छैन । आगलागीबाट जनधनको जुन क्षति भयो त्यो अपूरणीय छ । आगलागीले जनधनको क्षति त छँदै छ, घर जलेकाहरूको बास नै खोसिएकाले उनीहरूका लागि तत्काल बास र खानपान, कपडालगायतको व्यवस्था हुन जरुरी छ ।

प्राकृति प्रकोप जुनसुकै बेला पर्न सक्छ । आगलागी पनि प्राकृतिक प्रकोपमध्येमै पर्दछ । कतिपय अवस्थामा मानवीय त्रुटिका कारण आगलागी हुने गर्दछ भने कतिपय अवस्थामा विद्युत् सर्ट तथा अन्य कारण पनि आगलागी हुने गरेको छ । यस्ता घटना हुनु नदिनु र भइहाले पनि क्षति न्यूनीकरणमा ध्यान दिनु अहिलेको टड्कारो आवश्यकता बनेको छ । आगलागी हुन नदिन तथा भइहाले त्यसबाट जोगिन सबैमा जनचेतना फैलाउनु जरुरी छ ।

त्यसो त सरकारले यस्ता प्राकृति विपत्तिबाट जोगाउन विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएको छ । ग्रामीण क्षेत्रका घरमा हुने आगलागी नियन्त्रण गर्न फुसको छाना विस्थापित गर्ने कार्यक्रम पनि अगाडि बढाएको छ । तर सरकारका कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन हुन नसक्दा आगलागीका घटना अनियन्त्रित बनिरहेको छ । स्थानीय सरकारहरू पनि आ–आफ्नो ठाउँमा सक्रिय रहे पनि प्रभावकारी बन्न नसकेको महसुस पछिल्ला घटनाहरूले गराएको छ । यसतर्फ सरोकारवाला सबैको ध्यान जान जरुरी छ ।

आगलागीजस्तो विनासकारी प्रकोपबाट जनधनको क्षति जोगाउन तीनै तहका सरकारसँगै सुरक्षा निकाय, आमनागरिक पनि उत्तिकै सचेत हुनुपर्छ । आगलागी हुन नदिन सतर्कता अपनाउनु नै सबैभन्दा उत्तम विकल्प हो । यदि, आगलागी भइहालेको खण्डमा तत्काल नियन्त्रणदेखि उद्धार, उपचार, क्षतिपूर्ति र पुनःस्थापनासम्मका कार्यहरूलाई प्रभावकारी बनाउन जरुरी छ ।

### मनन्योग्य

## चाणक्य नीति

“होइन बाबू ! सामूहिक जयले व्यक्तिगत पराजय हुदैन, तर व्यक्तिगत पराजयले ठूलोभन्दा ठूलो विजयमा पनि घोचिरहन्छ । राक्षसलाई आफ्नो बनाउन मैले जीवनको सबभन्दा ठूला साधना अहिले नै पूर्ण गर्नुपर्छ ।’ म राक्षसको खोजी गर्न जान्छु भन्दै राजभवनबाट निस्के र राक्षसलाई खोजी छाडे ।

एउटा शीघ्र गति गएको बग्गी चढेर बाटो हिँड्ने रथबाट चाणक्य राक्षसलाई भेट्न जंगलतिर हिँडे । राक्षस भ्याम्म परेको एउटा स्मृति ढुंगामा आसन जमाई ध्यानमग्न थिए । घोडाको टापको आवाज सुनी ध्यान भंग भयो । झस्केर अगाडि हेरे । देखे एउटा रथ तीब्रगतिले उनीतिर आउदैछ ।

नजिकै आएपछि त्यस रथमा चाणक्यलाई देखी आश्चर्यमा परे । चाणक्यले हात जोड्दै नीति शिरोमणि ! परमगुणी महामात्य राक्षसलाई प्रणाम । ‘चाणक्य तपाईलाई फेरि पाटलीपुत्र लैजान आएको छु । किन कि हीराको शाभा उचित ठाउँमा नै हुन्छ ।’

राक्षस केही क्षोभले बाले-‘अब यस्ता वचन भी मलाई किन लज्जित गर्छौ ? मेरा साथमा अब के नै छर ?’ ‘मित्र ! शान्त हुनुहोस् ! देशभक्तको गुणको अनुपम भण्डार तपाईको ढुकुटी हो जसको अब पाटली पुत्रलाई नितान्त खाँचो छ । तपाईका परिवार र चन्द्रगुप्त तपाइकै प्रतीक्षा गरिरहेछन्’, हाँसी चाणक्यले भने । मेरा मालिक स्वगृबासी हुनुभयो उहाँको तपाईहरूद्वारा हत्या भयो । अब मलाई दास (नोकर) बनाउन आउनुभयो ? मलाई यो पद चाहिँदैन-राक्षसले भने ।

‘तर तपाइृको देश अहिले पनि जीवितै छ । पृथ्वी त तपाईको हो, सम्पूर्ण मगधवासी प्रजा तपाइकै हुन् । तिनीहरू तपाईलाई बोलाउँदैछन् । म आफू महामात्य बन्न सक्दिनँ । अत चन्द्रगुप्त र मगधको रक्षा गर्न तपाईजस्तो परमगुणीको आवश्यकता बुझेर नै तपाईको अगाडि एक हादिृक अनुरोध लिई आएको छु ।

‘अब चाणक्यको साधना पूर्ण भयो । आज भारतभूमिमा चन्द्रगुप्तजस्तो वीर र बुद्धिमान् सम्राट् तपाईंहरूको रक्षाका लागि रहनुभएको छ । यो शासन यस्तै किसिमसँग निर्विघ्न चलोस्, यसका लागि मुख्य सचिवको स्थान सुशोभित पार्न परमगुणी, नीतिशास्त्र जान्ने, मातृभूमिका लागि समर्पित राक्षसले आफ्नो सेवा यो देशलाई दिन स्वीकार गर्नुभयो यो राष्ट्र उहाँप्रति कृतज्ञ रहनेछ ।’

# उपभोक्ता अधिकारप्रतिको जवाफदेहिता



नेत्र सुवेदी ‘प्रयास’

> चाहे जस्तोसुकै प्रविधि वा माध्यमको प्रयोग भएको होस् उपभोक्ताको सार्वभौम अधिकारको सम्मान हुनै पर्दछ । नेपालभित्र प्रयोग भइरहेका सामाजिक सञ्जाल र एआई प्रविधिको नियमनका लागि राज्यले नीति, कानुन, कार्यविधि लागू गर्न ढिला गर्न हुँदैन । समयक्रममा परिमार्जन हुँदै विषय र नेपालभित्र यस्तो प्रविधिको विकास र विस्तार गरी राष्ट्रिय अर्थतन्त्रमा योगदान गर्नेतर्फ पनि विचार पुऱ्याउनुपर्दछ ।

सन् १९६२ मार्च १५ का दिन अमेरिकी कंग्रेसमा सम्बोधन गर्दै तत्कालीन राष्ट्रपति जोन एफ केनेडीले भनेका थिए, ‘उपभोक्तामा हामी सबै पर्दछौं । उपभोक्ता आफैंमा त्यस्तो सबैभन्दा ठूलो आर्थिक समूह हो, जसले सार्वजनिक र निजीस्तरको आर्थिक निर्णयहरूमा प्रभाव पार्दछ र आफू पनि प्रभावमा पर्ने हुन्छ । यति हुँदाहुँदै पनि तिनीहरू नै यस्तो महत्त्वपूर्ण समूहमा पर्दछन्, जसको धारणा र विचार त्यति सुनिँदैन ।’ यसरी उपभोक्ता अधिकार स्पष्ट दृष्टिकोणसहितको विशेष सन्देश केनेडीले आफ्नो मन्तव्यमार्फत दिएका थिए । यही विशेष क्षणको सम्झनामा हरेक वर्ष मार्च १५ का दिन विश्व उपभोक्ता अधिकार दिवस मनाउँदै आइएको छ । विश्व उपभोक्ता अधिकार दिवस २०२४ को नारा ‘उपभोक्ताका लागि स्वच्छ र जिम्मेवार एआई’ रहेको छ ।

नेपाल सरकारले विश्व उपभोक्ता दिवस, २०८० को नाराका रूपमा ‘स्वच्छ र प्रतिस्पर्धी बजार, उपभोक्ताको सार्वभौम अधिकार’ तय गरी विभिन्न कार्यक्रम गरी मनाएको छ । उपभोक्ता दिवसकै सन्दर्भमा भएका विभिन्न संवाद कार्यक्रममा उपभोक्ता अधिकारकर्मीले उपभोक्ता संरक्षण ऐनमा गरेको व्यवस्थाअनुसार उपभोक्ता अदालत गठन गरिनुपर्ने विषय पनि उठाएका छन् । उपभोक्ता संरक्षण ऐन, २०७५ मा व्यवस्था हुँदाहुँदै पनि अदालत हालसम्म गठन हुन सकेको छैन ।

संयुक्त राष्ट्रसंघीय महासभाबाट सन् १९८५ मा उपभोक्ताको संरक्षणका लागि राष्ट्रसंघीय निर्देशिका पारित भई लागू भयो, यसलाई सन् २०१५ मा परिमार्जन गरी लागू गरिएको छ । यो निर्देशिकामा उपभोक्ताका अधिकार झल्कने गरी उपभोक्तालाई उपलब्ध हुनुपर्ने विषयहरू समेटिएका छन् । निर्देशिकाले उपभोक्ता अधिकारलाई थप वैधता प्रदान गरेको छ । परिमार्जित निर्देशिका जारी गराउनमा कञ्जुमर इन्टर नेसनल नामक संस्थाको पनि भूमिका रहेको छ । यो संस्था सन् १९९० मा स्थापित र बेलायतको लण्डनमा प्रधान कार्यालय रही १२० वटा देशसहित २५० वटा सदस्य रहेको अन्तर्राष्ट्रिय संस्था हो । यस संस्थाको मिसनका रूपमा ‘सबै उपभोक्ताका लागि निष्पक्ष, सुरक्षित र दिगो बजार’ रहेको छ । नेपालका दुई संस्था सेवा नेपाल र उपभोक्ता आँखा नेपाल कञ्जुमर इन्टरनेसनलको सदस्य रही आएका छन् ।

मञ्जुमर इन्टरनेसनलले अघि सारेका उपभोक्ताका अधिकारलाई सर्सर्ति नियाल्दा आधार भूत आवश्यकतामा सन्तुष्टिको अधिकार जसमा अति आवश्यक वस्तु र सेवा जस्तो पर्याप्त खाना, कपडा, बासस्थान, स्वास्थ्य सुविधा, शिक्षा, सार्वजनिक रूपमा सबैलाई आवश्यक सुविधा, पानी र सरसफाइ




पर्दछ भने सुरक्षाको अधिकारमा हाम्रो जीउज्यान र स्वास्थ्यमा हानि गर्ने उत्पादन र उत्पादन प्रक्रियाबाट संरक्षित हुने अधिकार पर्दछ । त्यस्तै सूचना प्राप्त गर्ने अधिकार जसमा कुनै विषयमा निर्णय गर्दा प्रयोगमा आउने सूचना पर्दछ र भ्रामक र गलत विज्ञापन वा आवरण सूचनाबाट संरक्षणको परिकल्पना गरिएको छ भने छनोटको अधिकार जसमा उपलब्ध भएका धेरै वस्तु र सेवामध्येबाट प्रतिस्पर्धात्मक तबरले राखिएका मूल्यबाट गुणस्तरीय वस्तु वा सेवा चयन गर्ने सुविधा प्राप्त हुन्छ । अधिकारबाट वञ्चित हुने अवस्थामा उपचारको प्रबन्ध सुनुवाइको अधिकारमा समेटिइएको छ । यसअन्तर्गत सरकारी नीति तथा कानुनको तर्जुमा प्रक्रिया तथा कुनै पनि वस्तु तथा सेवा बजारमा ल्याउनुअघि उपभोक्ताका सरोकारका विषयहरूको पनि सुनुवाइ हुनुपर्दछ अर्थात् कुरा राख्ने अवसर मिल्नुपर्दछ भन्ने विषय मूलरूपमा समेटिइएको छ । त्यस्तै समस्या सम्बोधनको अधिकारमा उपभोक्ताबाट उठेका उचित दावीजस्तो कि क्षतिपूर्ति पाउनुपर्ने वा प्रतिनिधित्व हुनुपर्ने हुन्छ भने उपभोक्ता शिक्षाको अधिकारमा वस्तु र सेवाको सही र परिपक्व खालको चयन गर्न सक्ने शिक्षा र सीप पाउने अवस्थाको सिर्जना गरिनुपर्दछ । स्वस्थ वातावरणको अधिकारले वर्तमान र भावी पुस्ताका लागिसमेत बसोबास गर्ने र काम गर्ने उपयुक्त वातावरणको सिर्जना हुनुपर्ने माग गर्दछ ।

### चिन्तन गर्ने मेसिन

चिन्तन गर्नु नै मानिसको कहिल्यै नमर्ने आत्माको आधार हो भनिन्छ । दुई किसिमका चिन्तन र विचारहरू हुने बताइएको छ । पहिलो भनेको वास्तविक चिन्तन हो जुनचाहिँ दिमागबाट नै हुने गर्दछ । दोस्रो भनेको नक्कल गरेर हुने चिन्तन हो जसलाई सिमुलेसन चिन्तन भन्न सकिन्छ र यो चिन्तन कम्प्युटर वा मेसिनको माध्यमबाट हुन्छ । अब प्रश्न उठ्न सक्छ कि मेसिनको मूर्खता कसले समाधान गर्ने ? सूचनाको अनावश्यक वाढीका लागि को जिम्मेवार ? त्यस्तै एआई मा पहुँच हुने र यो सम्बन्धमा अनभिज्ञ र यसको पहुँच नभएकाहरूको छुट्टै वर्ग स्थापित गरिँदै छ भन्ने जस्ता बहसहरू प्रारम्भ भएका छन् ।

### एआई र उपभोक्ता

नेपालमा पनि आर्टिफिसियल इन्टेलिजेन्स (एआई) अर्थात् कृत्रिम बौद्धिकताको सदुपयोग सम्बन्धमा नीति खाका र रणनीतिहरू तयार गर्ने बहस प्रारम्भ भएको छ । बजारमा प्रयोगमा रहेका विभिन्न प्रविधिमध्ये खासगरी विश्व बजारबाट नेपालमा भित्रिने र स्मार्ट फोन वा इन्टरनेटका माध्यमबाट हामी पनि प्रयोग गरिरहेको विषय भनेको च्याटजिपिटीलगायतका एआई टुल पनि हो । त्यस्तै समकालीन विश्व परिवेशमा सामाजिक सञ्जालले पनि प्रभावमा राखेको छ, जसमा एलगोरिदममार्फत प्रयोगकर्ताको रुचिअनुसारका सामग्री प्रवाह भइरहेका छन् । एलगोरिदमको प्रयोगबाट रुचिउपर प्रभाव पार्न विज्ञापन गर्ने काम भइरहेको छ । जस्तो कि उपभोक्ताले मोटरबाइक सर्च गरेको अवस्थामा सबै उपलब्ध विकल्पहरू नदिएर अलि महँगो र देख्दैखेरी लोभ्याउने खालको बाइकको भिडियो वा फोटोसहितको विज्ञापन पटक-पटक आउँछ ताकि एआईको प्रयोगकर्तालाई खरिदका लागि दबाब होस् । यसबाट धन नभएका तर मन भएकालाई तनाव पनि सिर्जना गर्दछ । त्यस्तै कतिपय चित्र वा भिडियो सर्च गर्ने प्रवृत्ति बढ्दै गई एडिक्सन पनि हुन सक्छ ।

पूर्वाधार विकासका दृष्टिले सुगम र दुर्गम, तिर्न सक्ने क्षमताका दृष्टिले धनी र गरिबका बीच सूचना प्रविधि तथा एआई औजार प्रयोगमा रहेको अन्तरले सिर्जना गरेको देश र त्यो देशका जनताबीचको भेदलाई डिजिटल डिभाइडसमेत भनिने र यो अन्तरलाई कम गर्नु पनि चुनौतीपूर्ण रहेको छ । त्यस्तै इन्टरनेटको पहुँचमा रहेका सबैलाई निःशुल्क उपलब्ध केही एआईजन्य एपबाहेक धेरै औजारहरू लागतको दृष्टिले महँगा छन् । यतिमात्र होइन, जेनरल प्रपोज एआई टुल अंग्रेजी भाषामा मात्र उपलब्ध हुनुका साथै उत्तर अमेरिकाको संस्कृति र भाषाप्रतिको झुकाव देखिन्छ । प्रयोग बढ्दै जाँदा समस्या देखिनु र समाधानका उपायको खोजी हुनु स्वाभाविक छ तर यो प्रक्रियामा उपभोक्ताकै पनि कति हानि नोक्सानी हुने गर्दछ । यसको चासो र सरोकार कसले लिने ?

एआईको बढ्दो प्रयोगले बौद्धिक सम्पत्ति असुरक्षित भएको र प्रतिलिपि अधिकारको उल्लंघन बढेको गुनासो व्याप्त हुन थालेको छ । हालसालै द न्युयोर्क टाइम्सले च्याटजिपिटीको कम्पनी ओपनएआई र माइक्रोसफ्टले पत्रिकाका लाखौं लेख प्रयोग गरेको आरोप लगाएको छ भने जोन ग्रिसम, जोनाथन फ्रेञ्जेनसहित केही अमेरिकी उपन्यासकारको समूहले ओपनएआईमाथि आफ्नो सामग्रीको दुरूपयोग भएको भन्दै उजुरी दिने घोषणा गरेका छन् । गेट्टी इमेज नामक फोटो एजेन्सीले आफ्ना तस्बिरको विश्लेषण गरेकामा एआई कम्पनी स्टेबिलिटी एआईविरुद्ध मुद्दा हाल्ने भएको छ । यी विभिन्न मुद्दामाथिको पहिलो फैसला यही वर्ष आउन सक्ने बताइएको छ । यसले प्रतिलिपि अधिकारको वर्तमान नियम कानुनमा र एआईको प्रयोगमा के कस्तो सुधार आवश्यक छ भन्ने पनि व्याख्या हुने छ । अर्कोतर्फ एआईको प्रयोग सम्बन्धमा यससम्बन्धी विश्वमै पहिलो कानुन युरोपेली युनियनले बनाउँदै छ । एल्गोरिदमका विशेषतामध्ये भाषा स्वतन्त्रता पनि पर्दछ । तर के देशको संस्कृति एवं कानुनअनुसार वर्तमान कम्पनीहरूले एल्गोरिदम प्रयोग गरेका छन् त ? यो प्रश्नको जवाफ खोज्न र जिम्मेवार बनाउन आवश्यक छ ।

विभिन्न सनसनीयुक्त अभिव्यक्तिहरू बाहिर आउने तर वास्तविकता विस्तारै मात्र आउने सन्दर्भमा यी सन्देसहरूको प्रवाहसमेत आधिकारिक रूपमा हुनु आवश्यक छ । जस्तो अबको १० वर्षमा धेरै चिजहरू हाम्रो ग्याजेटमा अटाउने छन् र अहिलेका पेसा व्यवसाय एवं शिक्षा पद्धति पनि यदि समयमै सोचेर प्रविधिमैत्री सुधार गरिएन भने १० वर्षभित्र अर्थहीन हुने छन् भनिएको छ । सामाजिक सञ्जाल, मेसिन लर्निङसहितको एआईको व्यापक प्रयोगबाट गोपनीयता स्वायत्तता र समुन्नतिका सबै आयामहरू प्रभावित हुने देखिन्छ । यतिमात्र होइन, विभिन्न कम्पनीले प्रयोगमा ल्याएको अल्गोरिदम सम्बन्धमा टकराव पनि हुन सक्छ । जसको प्रभाव विश्वबजार र उपभोक्तामासमेत पर्ने देखिन्छ ।

अर्कोतर्फ एआईको उपयोग गरेर उपभोक्ताको सर्भेक्षण गर्नुको साथै व्यक्तिगत तहको प्रोफाइल तयारी र उपयोग हुन सक्ने देखिन्छ । एआई सम्बन्धमा विभिन्न ब्लक र देशहरूले आ-आफ्नो नियमन परिपाटी प्रयोग त गर्लान् तर कानुन बनाएर संशोधन गरेर मात्र देखापरेको असन्तुलनको समाधान हुँदैन । उपभोक्ताको सबलीकरण आवश्यक हुन्छ । प्रयोगमा आएका सर्च इञ्जिन, अनुवादका औजार, व्यक्तिको रुचिअनुसारका वस्तु तथा सेवाको सिफारिस वा विज्ञापन के, किन र कसरी प्रयोग भएको छ भन्ने बुझ्नुपर्ने हुन्छ । कम्पनीले प्रयोगमा ल्याएको डाटा पोलिसी गोप्य हुने र के कस्ता ठीक/बेठीक वा गैरकानुनी काम गरेको छ भन्ने पनि अनुमान गर्न सरल छैन । उपभोक्ता कानुनको परिपालना परीक्षण गर्नका लागि पनि एआईको प्रयोग हुन सक्छ ।

### निष्पक्ष र जिम्मेवार एआईको प्रसंग

जिम्मेवार एआईका सिद्धान्तमा खासगरी निष्पक्षता पारदर्शिता करुणा बृहत् खाका र जवाफदेहिता पर्दछन् । जिम्मेवार एआईको महत्त्वका सम्बन्धमा चर्चा गर्नुपर्दा यस्तो खालको एआई टुलले खासगरी प्रयोगकर्ता र सरोकारवालाबीचमा विश्वासको वातावरण बन्दछ । त्यस्तो त निष्पक्ष, पारदर्शी र नैतिक कार्यप्रणाली अवलम्बन गर्दा नै सकारात्मक परिवेश बन्न जान्छ । समावेशी खालको कार्यप्रणाली अवलम्बन गर्दा विविधतायुक्त जनसंख्यामा पुग्न सरल हुन्छ । साथै नियमन खाकाप्रति सचेत रहन सकेमा जरिवानालगायतका कानुनी सजायबाट बच्न सकिन्छ । सम्भावित जोखिमको पहिचान र न्यूनीकरण समयमै गर्न तथा सूचनाको सही प्रयोग गरी गुणस्तरीय निर्णयका लागिसमेत एआई उपयोगी हुन्छ । कतै व्यापारिक उपलब्धि मात्र हाबी भई उपभोक्ताहरू मारमा त परेका छैनन् भन्ने बारेमा उपभोक्ता स्वयं, नियामक निकाय र उपभोक्ता अधिकारवादी संस्थाहरू चनाखो हुनुपर्ने देखिन्छ ।

संघीय संरचनामा उपभोक्ता अधिकार

नेपालको संविधानले धारा ४४ मा उपभोक्ताको हकको व्यवस्था गर्दै गुणस्तरीय वस्तु र सेवामा पहुँचको हकको प्रत्याभूतिको व्यवस्था गरेको छ । उपभोक्ताहरू तीनै तहको सरकारसँग सम्बन्धित रहने सार्वभौम पक्ष पनि भएको हुँदा कानुन, संरचना र तथ्यांक प्रणालीमा आपसी समन्वय हुनु आवश्यक छ । नागरिकको नजिकबाट यो हकको प्रत्याभूतिका लागि वडा तहमासमेत गुनासो राख्ने र सम्बोधन गर्न सक्ने गरी व्यवस्था गरिनुपर्दछ भने टोल विकास संस्था, क्लब समूहहरूले समेत उपभोक्ता जागरणका लागि विभिन्न अभियानसहितका कार्यक्रम सञ्चालन गर्न सक्ने व्यवस्था गरिनु उपयुक्त हुन्छ ।

स्वच्छ बजार कायम गर्नका लागि नियमनको विधिसम्मत र वस्तुगत खाका, विक्रेतामा व्यावसायिक मूल्य मान्यता, उपभोक्तामा विवेकशीलता र सजगता तथा बजार गतिविधिको बारेमा सूचना प्रवाह र पैरवी आवश्यक पर्दछ । यी पक्षहरू आपसमा परिपूरक वा अझ भन्नुपर्दा एकआपसमा पुनर्बल दिने खालका हुनु आवश्यक छ । स्वच्छ बजार हुनका लागि उल्लेखित चार पक्षको व्यवहारमै सक्रियता र संवेदनशीलता आवश्यक छ न कि घोषणा मन्तव्य बाहृय प्रतिबद्धता वा भन्न र देखाउनकै लागि गरिने पटके र देखावटी कार्य ।

### निष्कर्ष

चाहे जस्तोसुकै प्रविधि वा माध्यमको प्रयोग भएको होस् उपभोक्ताको सार्वभौम अधिकारको सम्मान हुनै पर्दछ । नेपालभित्र प्रयोग भइरहेका सामाजिक सञ्जाल र एआई प्रविधिको नियमनका लागि राज्यले नीति, कानुन, कार्यविधि लागू गर्न ढिला गर्न हुँदैन । समयक्रममा परिमार्जन हुँदै विषय र नेपालभित्र यस्तो प्रविधिको विकास र विस्तार गरी राष्ट्रिय अर्थतन्त्रमा योगदान गर्नेतर्फ पनि विचार पुऱ्याउनुपर्दछ । बजार स्वच्छ र प्रतिस्पर्धात्मक बन्न सकोस् । *रासस*

*(लेखक सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सहसचिव एवं प्रवक्ता हुन्)*



**हिमालको काखमा याक** | सगरमाथा क्षेत्रको हिमालको काखमा रहेको याक । सगरमाथा क्षेत्रमा सामग्री ढुवानीका लागि याक भरपर्दो मानिन्छ ।
तस्बिरः सुवास दर्नाल/रासस

# लुम्बिनीबाट सुरू भयो भिक्षुहरूको धम्मयात्रा

**लुम्बिनी (प्रस)–** बुद्ध जन्मस्थल लुम्बिनीबाट एक हजार २५० जना श्रामणेर (अल्पकालीन) भिक्षुहरूको धम्मयात्रा शनिबारदेखि सुरू भएको छ । मायादेवी मन्दिरबाट श्रामणेर हरूले धम्मयात्रा सुरू गरेका हुन् । यात्रा दुई दिनको हो ।

श्रामणेरलाई लुम्बिनी विकास कोषका कोषाध्यक्ष ढुण्डिराज भट्टराई (सिद्धिचरण), सदस्यसचिव सानुराजा शाक्य, कार्यकारिणी सदस्य विश्वराज पौडेल, वरिष्ठ निर्देशक ज्ञानिन राई, सूचना तथा जनसम्पर्क अधिकृत डा. हरिध्वज राईले मायादेवी मन्दिर परिसरमा पुष्प अर्पण गरी यात्रा सुरू गराएका हुन् । लुम्बिनीबाट सुरू भएको धम्मयात्रा शनिबार भैरहवा पुगेको छ भने आज आइतबार नवलपरासीको रामग्राम पुग्ने छ ।

लुम्बिनीमा बुद्ध शिक्षालाई प्रवर्द्धन गर्ने कोषका कोषाध्यक्ष भट्टराईले बताए । धम्मयात्राले समुदायतहसम्म बौद्धशिक्षालाई अघि बढाउन सहयोग पुग्ने उनको भनाइ छ ।

अखिल नेपाल भिक्षु महासंघ र थाई भिक्षु महासंघको आयोजना, लुम्बिनी विकास कोषसहितका संस्थाहरूको सहआयोजनामा फागुन १६ गतेदेखि एक हजार २५० जनालाई कुलपुत्र प्रव्रज्या (अल्पकालीन भिक्षु) गराइएको हो । भिक्षुहरूको जीवनमा धम्मयात्रालाई महत्त्वपूर्ण मानिने सदस्यसचिव सानुराजा शाक्यले बताए ।



अल्पकालीन भिक्षुहरूले पहेँलो चिवर लगाएर बुद्ध धर्मका १० नियम पालना गर्ने गर्दछन् । सामान्य अनुयायीहरूले पञ्चशील र अष्टशीलको पालना गर्ने भए पनि अल्पकालीन भिक्षुले २० दिनसम्म पूर्ण रूपमा बौद्ध नियममा आफूलाई रूपान्तरण गर्नुपर्नेछ । भिक्षु बन्न २२७ वटा नियम पालना गर्नुपर्ने हुन्छ ।

धम्मयात्रा शब्द 'धम्म' र 'यात्रा' मिलेर बनेको हो । 'धम्म' को अर्थ कुशल कर्म हो भने 'यात्रा' को अर्थ लाग्नु हो । धम्मयात्राको अर्थ कुशल कर्मतिर लाग्नु वा कुशल कर्ममा प्रस्थान गर्नु हो । फागुन २६ गते अल्पकालीन भिक्षुहरूलाई प्रव्रज्या गराई पहेँलो चिवर प्रदान गरिएको थियो ।

लुम्बिनीमा भएको एक हजार २५० जनाको प्रव्रज्याले बुद्ध धर्मको शिक्षा र बौद्ध गतिविधिलाई जोडेको लुम्बिनी सांस्कृतिक नगरपालिकाकी उपप्रमुख कल्पना हरिजनले बताइन् । उनले धम्मयात्राले बुद्ध जन्मस्थलको प्रचारप्रसारसँगै बौद्ध गतिविधिलाई प्रवर्द्धन गर्ने बताइन् । फागुन १६ गतेदेखि सुरू भएको प्रव्रज्या यही चैत ८ गते समापन हुने छ ।

# लागुऔषधको कुलतले निम्त्याउँदै छ अपराध

**झापा–** लागुऔषधको कुलतमा फसेका युवाका कारण पछिल्लो समय अपराधका घटना बढेका छन् । फागुनको अन्तिम साता गौरादह-७ मा हजुरआमाको विभत्स हत्या गरेको आरोपमा नाति पक्राउ परेका जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक ढुण्डीराज गिरीका अनुसार गत फागुन २५ गते राति गाँजा खाएर लठ्ठ परेका १७ वर्षीय धीरज विश्वकर्माले लागुऔषध किन्न पैसा नदिएको निहुँमा ८२ वर्षीया हजुरआमा नरमाया विश्वकर्माको हत्या गरेका थिए । फलामे रडले हिर्काएर हजुरआमाको हत्या गरेपछि साथी लगाएर घरको ग्वालीमा शव गाडेको अवस्थामा फेला परेको प्रनि गिरीले बताए । उनका अनुसार हाल नातिसहित चार जना अभियुक्त पक्राउ परिसकेका छन् ।

झापामा लागुऔषधका सेवनकर्ता र कारोबारीको संख्या बढेसँगै अपराधका घटनामा उनीहरूको संलग्नता पाइन थालेको प्रहरीले जनाएको छ । लागुऔषध किन्न आवश्यक पर्ने नगदका लागि उनीहरू चोरी र लुटपाटमा लाग्ने गरेका छन् । धेरैजसो घटनामा घर परिवार नै पीडित हुने गरेका कारण घटना बाहिर कम आउने गरेका प्रनि गिरीको भनाइ छ ।

गत फागुनमा प्रहरीले मेचीनगर-१५ मा एक दुर्व्यसनी युवाले चरेस किन्न नेपालबाट चोरी गरेको महँगो मोबाइल फोनको सेट भारतको खोरीबारीबाट फिर्ता ल्याएको थियो । चोरीको घटनामा आफन्त नै संलग्न भएकाले पीडितले मोबाइल फिर्ता पाएपछि अभियुक्तलाई कारबाही गराउनेतर्फ पहल गरेनन् ।

पछिल्लो समय जिल्लामा सुनका गहना, मोटरसाइकल र धातुका भाडावर्तन चोरीका घटना बाक्लै भएका छन् । प्रहरीले ती घटनामा लागुऔषधका दुर्व्यसनी नै संलग्न भएको आशंकामा अनुसन्धान गरिरहेको जनाएको छ । मेची बहुमुखी क्याम्पसका पूर्वप्रमुख चिन्तामणि दाहालको घरबाट गत फागुनमा १० तोलाभन्दा बढी सुनका गहना चोरी भएको थियो भने मेचीनगर-१० खयरडाँगीका हरि लिम्बूको घरबाट दिउँसै सुनका गरगहना चोरी भएको थियो ।

'लागुऔषध सेवन गर्ने दुर्व्यसनीले घरको मालसामान बेच्ने मात्र होइन बाहिर जहाँसुकै पनि चोरी गर्न सक्छन्,' जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक गिरीले भने, 'जसरी पनि खानैपर्ने अवस्था भएकाले लागुऔषध किन्नका लागि पैसा जुटाउने मौका हेरिरहेका हुन्छन् । कतिपय अवस्थामा हत्याका घटनासमेत हुने गरेका छन् ।'

### कुलतमा फस्दै नवयुवा

कुलतमा फसेका १६ देखि २५ वर्ष उमेर समूहका युवाको संख्या आधा रहेको तथ्यांकले देखाएको छ । जसमा विद्यालय पढ्दै गरेका कलिला युवाको संलग्नता धेरै छ । आर्थिक वर्ष २०८०/८१ को चालु आठ महिनामा लागुऔषधको कारोबारमा संलग्न भएको आरोपमा २६५ पक्राउ परेका जिल्ला प्रहरी कार्यालयले जनाएको छ । जसमा १६ देखि २५ वर्ष उमेर समूहका १२० जना रहेका छन् ।

प्रहरी उपरीक्षक मिलन केसीका अनुसार सोही अवधिमा लागुऔषधको १७४ वटा मुद्दा दर्ता भएका छन् । जसमा २०१ जना सेवनकर्ता छन् । पक्राउ परेकामा १५ जना भारतीय नागरिक रहेका उनले जानकारी दिए ।

पछिल्लो समय प्रहरीले पूर्वीनाका काँकडभिट्टा र पूर्वपश्चिम राजमार्गमा नियन्त्रण अभियानलाई केन्द्रित गर्दै निगरानी बढाएको प्रहरी उपरीक्षक केसीले बताए । उनका अनुसार नाकामा तैनाथ सुरक्षाकर्मीको आँखा छलेर भित्रिएका लागुऔषध राजमार्गका विभिन्न चेकप्वाइन्टमा बरामद हुने गरेका छन् ।

सीमावर्ती भारतीय बजार पानीटचांकीमा खुलेआम लागुपदार्थको कारोबार हुने गरेको छ । प्रहरी उपरीक्षक केसीका अनुसार भारतीय बजारमा गाँजा, चरेसलगायत लागुपदार्थको बिक्री वितरण नेपाली ग्राहक लक्षित हुने गरेको छ । भद्रपुर, गौरीगञ्ज, केचना र बाहुनडाँगीबाट लुकाइछिपाइ ओसारपसार हुने गरेका कारण प्रहरीले ती नाकामा पनि निगरानीलाई कडाइ गरिरहेको प्रहरी उपरीक्षक केसीको भनाइ छ । कारोबारीले पूर्वीनाकाबाट भित्रिएको लागुपदार्थ कोशी प्रदेशको विभिन्न पहाडी जिल्लादेखि राजधानी काठमाडौंसम्म पुऱ्याउने गरेका छन् । *रासस*

# अख्तियार कार्यालय सुर्खेतमा उजुरीका चाङ

**कर्णाली–** अख्तियार दुरूपयोग अनुसन्धान आयोगको कार्यालय सुर्खेतमा उजुरीको संख्या दुई हजार ३९ पुगेको छ । कर्णाली प्रदेशको १० जिल्लाबाट आएका अघिल्लो वर्षको ९४४ र चालु आवको एक हजार ९५ गरेर कूल उजुरीको संख्या दुई हजार ३९ पुगेको आयोगको कार्यालय सुर्खेतका सूचना अधिकारी रत्नचन्द्र गौतमले जानकारी दिए । शिक्षा, स्वास्थ्य, पूर्वाधार निर्माण, खानेपानी, कृषि वनलगायत क्षेत्रमा आर्थिक अनियमितता, भ्रष्टाचार गरेको आरोपमा उजुरी परेको उनले बताए ।

परेका उजुरीमध्ये ५४९ फर्स्योट भएको र एक हजार ४९० फर्स्योट हुन बाँकी रहेको उनले बताए । सूचना अधिकारी गौतमका अनुसार चालु आवमा जिल्लागत हिसाबले सबैभन्दा बढी सुर्खेतबाट २३७ र सबैभन्दा कम डोल्पाबाट ५८ उजुरी परेका छन् ।

उनका अनुसार चालु आवसहित सुर्खेतको ४१५, दैलेखको ३२१, मुगुको २०२, कालीकोटको १९३, जुम्लाको १७९, हुम्लाको १७३, रुकुम पश्चिमको १५९, जाजरकोटको १४९, सल्यानको १२३ र डोल्पाको १०० उजुरी संख्या आयोगमा रहेको छ । लुम्बिनी प्रदेशको पूर्वी रुकुमबाट २५ उजुरी परेको उनले बताए ।

आयोगले चालु आवको हालसम्म यहाँका ७९ स्थानीय तहको उजुरीको पनि अभिलेखीकरण गरेको छ । स्थानीय तहमा सबैभन्दा बढी मुगुको सोरु गाउँपालिकाबाट ३९ उजुरी परेको आयोगको तथ्यांकले देखाउँछ । दोस्रोमा जुम्लाको तातोपानी गाउँपालिकाको ३८ र तेस्रोमा दैलेखको गुराँस गाउँपालिकाबाट ३० उजुरी परेको सूचना अधिकारी गौतमले जनाए ।

गत र चालु आर्थिक वर्षसहित सोरु गाउँपालिका मुगुका ७९, गुराँस गाउँपालिका दैलेखका ४७, सुर्खेत वीरेन्द्रनगर नगरपालिकाका ४५, सर्केगाड गाउँपालिका हुम्लाका ४५, भेरीगंगा नगरपालिका सुर्खेतका ४२, तातोपानी गाउँपालिका जुम्लाका ४१ र खाँडाचक्र नगरपालिका कालीकोटका ३५ उजुरी रहेको जनाइएको छ ।

चालु आवको हालसम्म सबैभन्दा कम हुम्लाको नाम्खा, जाजरकोटको बारेकोट, दैलखेको ठाँटीकाँध, जुम्लाको पातारासी गाउँपालिकाबाट एक/एक, सुर्खेतको चिंगाड, रुकुमपश्चिको त्रिवेणी, कालीकोटको सान्नी त्रिवेणी, जाजरकोटको शिवालय, कुसे, डोल्पाको त्रिपुर ासुन्दरी नगरपालिका, डोल्पोबुद्ध, काइके गाउँपालिका, सल्ल्यानको, कुमाख, हुम्लाको खार्पुनाथ, सिमकोट गाउँपालिका र मुगुको छायाँनाथ रारा नगरपालिकाको दुई/दुई उजुरी परेको सूचना अधिकारी गौतमले बताए ।

सूचना अधिकारी गौतमका अनुसार सल्यानको त्रिवेणी गाउँपालिकाबाट चालु आर्थिक वर्षमा परेको एक उजुरी फर्स्योट भएको छ भने कालीकोटको महावै र मुगुको मुगुम कार्मारोङ गाउँपालिकाबाट हालसम्म कुनै उजुरी परेको छैन । स्थानीय तहमा चालु आवमा ७६१ र गत वर्षको सरेको ५९८ गरी एक हजार ३५८ उजुरी परेकोमा हालसम्म ३७५ फर्स्योट भइसकेका र ९८४ फर्स्योट हुन बाँकी रहेका छन् । *रासस*


## ChhayanathRara Municipality
## Office of The Municipal Executive
**Gamgadhi, Mugu**

## Invitation for E-Bids

( Date of publication : 2080-12-04)

1. ChhayanathRara Municipality invites electronic bids form Nepalese bidders for the construction of following project in Chhayanath RaraMunicipality, Mugu. Under National Comperative Bidding procedure. The name and identification of the contract are as follows.
2. For more information please visit PPMO e-GP System www.bolpatra.gov.np/egp or contact ChayanathRara Municipality, Office , Mugu, Phone : 087-460253, 9858322618 & 9842574867.

| S.N. | Description of work | Contract Identification No | Estimated Cost ( With VAT& PS ) | Cost Of Bidding Document- (NRS). | Bid Security Amount Nrs. | Validity for bid Security | Last date of Submission of Bids. | Bid Opening date |
|---|---|---|---|---|---|---|---|---|
| 1 | RaraBahumukhi Campus Building Construction. | CRM/NCB/ WORKS/ BC/05/2080-081 | 73,86,318.59 | 3,000.00 | 1,84,658.00 | 2081/04/29 | 2081/01/04 12:00 PM | 2081/01/04 13:00 PM |
| 2 | RehabCenter Building Construction. | CRM/NCB/ WORKS/ BC/06/2080-081 | 39,88,583.27 | 3,000.00 | 99,715.00 | 2081/04/29 | 2081/01/04 12:00 PM | 2081/01/04 13:00 PM |
| 3 | Eye Hospital Building Construction | CRM/NCB/ WORKS/ BC/07/2080-081 | 95,99,217.57 | 3,000.00 | 2,39,980.44 | 2081/04/29 | 2081/01/04 12:00 PM | 2081/01/04 13:00 PM |
| 4 | Procurement, Supply and Delivery of Street Light Work. | CRM/ NCB/3/G/2080-081 (RE) | 6,42,125.40 | 1,000.00 | 16100.00 | 2081/02/32 | 2081/12/19 12:00 PM | 2081/12/19 13:00 PM |



**Provincial Government**
**Sudurpashchim Province**
## Ministry of Internal Affairs' and Law
**Dhangadhi, Kailali**

## Invitation for Online Bids

**Date of Published- 2080/12/04 (March 17th, 2024)**

Ministry of Internal Affairs' and Law, Sudurpashchim Province, Dhangadhi, Kailali invites online bids from registered, eligible and interested bidders for the following works. For more detail eligible and interested bidders may visit and download from e-GP system http://bolpatra.gov.np/egp.

| Contract Identification Number | Description of Works | Cost of Bidding Document | Last date and time of bid submission electronically | Date of bid opening time and place | Bid Security | Account Details |
|---|---|---|---|---|---|---|
| 3-NCB/MOIAL7/2080/081 | Construction of Shelter House at Red cross Tikapur Kailali | NRs. 3,000.00 | 2081/01/07- till 12:00 Hrs from e-GP system http://bolpatra.gov.np/egp | 2080/01/07 13:00 Hrs at Ministry of Internal Affairs' and Law, Dhangadhi, Kailali. | NRS. 75,000 | Rajaswa Account Number- 1000100200010000 Rajaswa Shirshak no. 14229 Bank Name: Rastriya Banijya Bank, Dhangadhi, Kailali office code : 3140077017 Dharauti Account No:- 4170100202030000 Dharauti Account Name: Pradesh Lekha Niyantrak Karyalaya, Dhangadhi, Kailali |

# प्रभाव दैनिक





## अगस्त्य हेर्न महिलालाई २५ प्रतिशत छुट

निर्देशक सौरभ चौधरीको लेखन तथा निर्देशनमा तयार भएको यो चलचित्र 'अगस्त्य च्याप्टर १' तेस्रो सातामा प्रवेश गरेको छ । चलचित्रले पहिलो सातामा बक्स अफिसमा उत्साहजनक व्यापार थियो भने दोस्रो सातामा औसत व्यापार गरेको निर्माण पक्ष बताउँछन् । दर्शकबाट मिलेको सकारात्मक प्रतिक्रिया र बलियो 'वर्ड अफ माउथ'का साथ काठमाडौं उपत्यकासँगै मोफसलमा दोस्रो सातामा पनि राम्रो व्यापार गरिरहेको यो चलचित्र हिजो शुक्रबारबाट तेस्रो सातामा प्रवेश गरेको हो । त्यस्तै, समाजमा महिलाहरूले खेल्ने महत्वपूर्ण भूमिका र योगदानलाई उच्च सम्मान गर्दै यो महिलाहरूको लागि चैत ५ का लागि अगस्त्यको टिकट मूल्यमा २५ प्रतिशत छुटको व्यवस्था गरिएको छ ।




आइतबार ४, चैत २०८० (Sunday, March 17, 2024)


# गोपीचामाथि परिचर्चा

■ प्रभाव संवाददाता

**काठमाडौं–** सुदूरपश्चिमाञ्चल साहित्य समाजले धनगढीमा विश्व कुँइकेलको उपन्यास गोपीचामाथि परिचर्चा गरेको छ । शुक्रबार आयोजित कार्यक्रका वक्ताहरूले गोपीचामाथि परिचर्चा गर्दै पुस्तक पढ्दा आफू बाँचेको समाजलाई हेर्न र बुझ्न सजिलो हुने बताएका थिए । पुस्तक पढ्दा करिव १० दशकअघिको समाज र परिवेशलाई बुझ्न सहज हुने वक्ताहरूले बताएका थिए ।

काठमाडौंमा बाहुन परिवारमा जन्मिएका र हुर्के बढेका उपन्यासकार कुँइकेल हाल बझाङमा प्रमुख जिल्ला अधिकारीका रूपमा कार्यरत छन् । उपन्यासकार कुँइकेलको उपन्यास 'गोपीचा' बारेको पुस्तक परिचर्चाका क्रममा वक्ताहरूले ३ वटा कालखण्डलाई जोडेर जातीय छुवाछूत तथा सामाजिक विभेदको विषयलाई यथार्थपरक ढंगले चित्रण गरिएको चर्चा गरेका थिए ।

'उपन्यासकार कुँइकेलले ३ पुस्ताअघिको समय र समाजलाई इतिहासका रूपमा प्रस्तुत गर्नुभएको छ,' कार्यक्रममा प्रमुख अतिथि रविन्द्र केसीले भने, 'भूगोल, समाज र समय हेरेर वा बुझेरमात्रै साहित्य बुझिँदैन, लेखिँदैन, साहित्य लेख्न मान्छेलाई बुझ्नुपर्छ ।'

सुदूरपश्चिम प्रदेश प्रहरी प्रमुख (डिआइजी) समेत रहेका साहित्यकार केसीले लागूऔषध दुर्व्यशनका कारण कतिपय




परिवार नै उजाडिएको प्रसंग कोट्याउँदै ती परिवारभित्र थुप्रै कथाहरू रहेको रु लेख्न सक्नुपर्न बताए ।

कार्यक्रममा उपन्यासका लेखक कुँइकेलले पुस्तकको आवरणमा श्रीपेच अंकित गरिएकोबारे चर्चा गरे । 'हाम्रो मुलुकमा अनगिन्ती गोपीचाहरूको लाशमाथि धेरैले शासन गरेका छन्, तर गोपीचाहरूले कहिल्यै सम्मान पाएनन् । यो (श्रीपेच) तिनै गोपीचाहरूलाई समर्पित गरेको हुँ,' उनले भने ।

उनले पुस्तकमा तीन वटा कालखण्ड (राणाकाल, झापा विद्रोह र अहिलेको समय) लाई आधार बनाएर एउटा विषयमा लेखिएको कृतिका रूपमा गोपीचा उपन्यास रहेको बताए । उनले समतामूलक समाजको स्थापना नभएसम्म जातीय छुवाछुत र सामाजिक विभेदका विरुद्ध लेखिरहनु पर्ने धारणा राखे ।

कार्यक्रमको अध्यक्षता गरेका साहित्य समाजका अध्यक्ष तीर्थराज पाण्डेयले पछिल्ला वर्षहरूमा पठन संस्कृतिमा ह्रास आइरहेकोप्रति चिन्ता व्यक्त गर्दै लेखन र पठन संस्कृतिलाई बलियो बनाउन बहस आवश्यक रहेको बताए । गोपीचा उपन्यासलाई 'सामाजिक परिवर्तनको आह्वान'का रूपमा उनले व्याख्या गरे ।

कैलालीका सहायक प्रमुख जिल्ला अधिकारी यज्ञराज जोशीले भाषा, संस्कृति र राष्ट्रियताको संरक्षण र सम्वर्द्धनमा साहित्यको अहम् भूमिका रहेको चर्चा गरे । सामाजिक विभेद र छुवाछुतको संस्कार र अभ्यास भत्काउन व्यक्तिबाटै पहल जरुरी रहेको बताए । उपन्यासको समिक्षा गर्दै समिक्षक नरेन्द्र भट्टले 'गोपीचा' उपन्यासले कठोर कालखण्डको निर्मम वर्णन गरेको बताए । 'उपन्यासकारले आफूलाई राणाकालीन कठोर समाजको अंशका रूपमा प्रस्तुत गर्नुभएको छ,' भट्टले भने, 'इतिहासले कुनै जातीविशेषलाई अपमान गरेको छ, सिमान्त बनाएको छ । त्यसैले इतिहासको पुनर्लेखन हुनुपर्छ भन्ने यो उपन्यासको आह्वान हो ।'

यस्तै समिक्षक तुलसी शर्माले गोपीचा उपन्यास सरल भाषा र शैली, कौतुहल र जिज्ञासाले भरिएको उत्कृष्ट कृति भएको बताइन् । उनले बाहुनको छोरो र च्यामे (दलित) सँग प्रेम गर्ने गोपीको नामको पछाडी 'चा' जोडिएर कठोर कालखण्डको सामाजिक विभेदविरुद्धको विद्रोहलाई उपन्यासले उजागार गरेको बताइन् ।

पत्रकार मनमोहन स्वारले नेपाली समाजमा अहिले पनि कुनै न कुनै रूपमा विद्यमान सामान्ती सोच, संरचना र अभ्यासको पूर्ण रूपमा अन्त्य नभएसम्म त्यसका विरुद्ध निरन्तर साहित्य सिर्जना भइरहनु पर्ने बताए ।

उक्त अवसरमा साहित्यकार लछिराम आचार्य पनि मन्तव्य व्यक्त गरेका थिए । कार्यक्रमको सञ्चालन साहित्य समाजका महासचिव गणेश नेपालीले गरेका थिए भने कार्यक्रममा साहित्य समाजका सदस्य दलबहादुर बोगटीले स्वागत गरेका थिए ।

# 'नेपाल–युरोपियन युनियन फिल्म फेस्टिभल' आयोजना हुने

**काठमाडौं (प्रस)–** १३औं 'नेपाल-युरोपियन युनियन फिल्म फेस्टिभल २०२४' आयोजना हुने भएको छ । द डेलिगेसन अफ द युरोपियन युनियन टु नेपाल (नेपालका लागि युरोपियन युनियनको डेलिगेसन)ले फेस्टिभलको आयोजना गर्न लागेको हो ।

शुक्रवार एक कार्यक्रमकाबीच द डेलिगेसन अफ द युरोपियन युनियन टु नेपालले फेस्टिभलको विभिन्न पक्षबारे जानकारी दियो । 'युरोपियन युनियन-नेपाल सम्बन्धको पचास बर्षः सांस्कृतिक विविधताको उत्सव' मूल नारा सहित आयोजना हुने फेस्टिभलको १३औं संस्करण हो ।




अभिनेत्री उपासना सिंह ठकुरी चलचित्र महोत्सवको एम्बेसडरको रूपमा नियुक्त भएकी छन् । काठमाडौंको सुन्धारास्थित सीटीसी मलमा रहेको सीडीसी सिनेमामा मार्च २० (चैत्र ७) मा उद्घाटन हुने महोत्सव मार्च २३ (चैत्र १०) सम्म चल्नेछ ।

महोत्सवको उद्घाटनमा मार्टीन म्याकडोनाग निर्देशित विभिन्न अवार्ड जितेको चलचित्र 'द ब्यानशीस अफ इनीशेरीन'सँगै शान्ता नेपालीद्वारा निर्देशित चलचित्र 'डाय ड्रिम्स' प्रदर्शन हुनेछ । 'द ब्यानशीस अफ इनीशेरीन' चलचित्रको पुनः प्रदर्शन २२ मार्च (चैत्र ९ गते) दिउँसो १.३० मा हुनेछ । विभिन्न अन्तर्राष्ट्रिय पुरस्कारहरू प्राप्त यो चलचित्र सुन्दर र मनमोहक आइरीस ग्रामीण परिवेशमा सरल तर अर्थपूर्ण कथावस्तु समेटिएका छन् ।

महोत्सवको हरेक स्क्रिनिङ्ग एउटा नेपाली र अर्को युरोपियन चलचित्र गरी दुई वटा फिल्महरू देखाइने छन् । महोत्सवको लागि लघु चलचित्र छनौट गर्न नेपाली युवा चलचित्र निर्देशकहरूका लागि लघु चलचित्र प्रतिस्पर्धा आयोजना गरिएको थियो । विजेता चलचित्रका निर्देशकहरू सहित अन्य युवा निर्देशकहरू शरद ऋतुमा ब्रसेल्समा आयोजना हुने नेपाली चलचित्रहरूको महोत्सवमा सहभागी हुनेछन् ।

महोत्सवमा भाग लिने युवा निर्देशकहरूको छनौट भने बाँकी रहेको छ । महोत्सवको लागि १० वटा लघु नेपाली चलचित्रहरू प्रतिस्पर्धामार्फत छनौट गरिएको थियो । कार्यक्रममा नेपालका लागि युरोपियन युनियनका उपप्रमुख डा. जोएल इभोनेटले युरोपियन युनियन र नेपालको दौत्य सम्बन्धको ५० बर्ष मनाउन युरोपको विविधतापुर्ण संस्कृति, जीवनशैली र सिनेम्याटीक सृजनशीलता काठमाडौं, लुम्बिनी, कर्णाली र सुदूरपश्चिमका नेपाली दर्शकसँग आदानप्रदान गर्न पाउँदा म अत्यन्त रहेको बताए ।

महोत्सव अवधिभर ९ युरोपियन चलचित्रहरू र ११ नेपाली लघु चलचित्र प्रदर्शित हुनेछन् । युरोपियन चलचित्रहरूमा मार्टीन म्याकडोनाग निर्देशित द ब्यानशीस अफ इनीशेरीन (आयरल्याण्ड), मेरियन ब्लिचर निर्देशित मिस भिर्बोग (डेनमार्क), इम्यानुएल परभु निर्देशित मिकादो (रोमानिया, चेज रिपब्लिक), पिलर पालोमेरो निर्देशित स्कुल गर्लस् (स्पेन), एन्टोनियो लुकीच निर्देशित लक्जेम्बर्ग लक्जेम्बर्ग (युक्रेन), इभान ओस्ट्रोचोभ्स्की निर्देशित सरभेन्टस् (चेज रिपब्लिक, आयरल्याण्ड, रोमानीया, स्लोभाकीया), भिक्टर बोजिनोभल निर्देशित द नेकेड ट्रुथ अवाउट फिगुली ब्याण्ड (बुल्गेरीया), जाइदा बरग्रोथ निर्देशित टोभ (फिनल्याण्ड) र रोड्रिगो सोरोगोएन निर्देशित द बीस्ट (स्पेन) रहेका छन् ।

महोत्सव अप्रिल १० र ११ गते सुदूरपश्चिम प्रदेशमा समेत आयोजना हुने छ । सुदूरपश्चिम विश्वविद्यालयको हलमा चलचित्र प्रदर्शित हुनेछन् । यसैगरी महोत्सवको अर्को गन्तव्य लुम्बिनी प्रदेशको नेपालगञ्ज हुनेछ ।

# जुनालाई 'उत्कृष्ट लोकदोहोरी गायिका' अवार्ड

**काठमाडौं (प्रस)–** गायिका जुना श्रीस मगर 'उत्कृष्ट लोकदोहोरी गायिका' ठहरिएकी छन् । राजधानीमा सम्पन्न १४औं 'विन्ध्यबासिनी म्युजिक अवार्ड-२०८०'मा 'पानी खोलीको' शीर्ष गीतबाट जुनाले 'उत्कृष्ट लोकदोहारी गायिका'को अवार्ड प्राप्त गरेकी हुन् ।

विन्ध्यबासिनी म्युजिक अवार्डबाट अवार्डेड 'पानी खोलीको' गीतमा जुनासँगै कुमार पुनको पनि स्वर छ । उक्त गीतको शब्दरचना रमेश बिजीले लेखेका हुन् । 'यो अवार्ड पाउनुमा उहाँहरूको पनि देन छ', जुनाले भनिन् ।

'उत्कृष्ट लोकदोहारी गायिका'को अवार्ड आफ्नो पोल्टामा पारेपछि गायिका जुनाले भनिन्, 'अवार्ड र सम्मानले कलाकारलाई हौसला र उर्जा प्रदान गर्छ । आज मलाई त्यस्तै आभाष भइरहेको छ ।' बाह्र




सयभन्दा बढी गीतकी गायिका जुना 'लाइभ दोहोरी'मा पनि चर्चित छिन् । राष्ट्रिय लोकदोहोरी गीत प्रतिष्ठान, नेपालको केन्द्रीय सदस्यसमेत रहेकी गायिका जुना भन्छिन्, 'लोकगीत र दोहोरीमै आधा जीन्दगी समर्पित गरिसकें, मेरो लागि गीतसंगीत नै जीवन हो ।'

बागलुङकी जुना २०६१ सालदेखि अनवरत गीतसंगीतमा क्रियाशिल छिन् । उनी भन्छिन्, 'अहिले जुन स्थानमा छु, आफ्नो मेहनत र संघर्षले हो ।'

'विन्ध्यबासिनी म्युजिक अवार्ड'को यस १४औं संस्करणमा नेपाली गीतसंगीतका विभिन्न ३१ विधामा अवार्ड प्रदान गरिएको थियो । विन्ध्यबासिनी फाउण्डेशनद्वारा आयोजित कार्यक्रममा बरिष्ठ गायिका मीरा राणालाई एक लाख नगदसहित 'विन्ध्यबासिनी लाइफटाइम अचिभमेन्ट'द्वारा सम्मान गरिएको थियो ।



कोशी प्रदेश क्रिकेट

# त्रिभुवन आर्मीलाई उपाधि




■ प्रभाव संवाददाता

**बेलबारी–** विराटनगरमा जारी कोसी प्रदेश टी-२० च्याम्पियन सिपको उपाधी त्रिभुवन आर्मी क्लबले हात पारेको छ । आर्मीले रु पाँच लाखसहित ट्रफी हात पारेको छ ।

त्यसैगरी उपविजेता कर्णाली प्रदेशले रु तीन लाखमा चित्त बुझाएको छ । शनिबार भएको खेलमा आर्मी क्लबले कर्णाली प्रदेशलाई नौ विकेटले पराजित गरेको छ । जारी सिजनमा तेस्रो पटक फाइनलमा प्रवेश गरेको आर्मीले पहिलो उपाधि चुमेको हो । यसअघि आर्मी क्लब प्रधानमन्त्री कपमा नेपाल पुलिस र केपी ओली कपमा मधेस प्रदेशसँग पराजित भएको थियो ।

कोशी प्रदेश ट्रफीको पहिलो संस्करणको उपाधि हात पार्ने क्रममा टस हारेर आर्मीले फिल्डिङको निम्तो पाएको थियो । यस क्रममा कर्णाली प्रदेशले २० ओभरमा अल आउट हुँदै एक सय १० रनको योगफल तयार पारेको थियो । आक्रमक सुरूआत गरेको कर्णालीका लागि विपिन रावलले २७ र क्याप्टेन रविन्द्र शाहीले २१ रन बनाउनुभयो । पहिलो विकेटमा कर्णालीले ३३ रनको साझेदारी गरेको थियो । दिनेश अधिकारीले १२ रन बनाए । कर्णालीलाई धरासायी बनाउने क्रममा आर्मीका त्रितराज दास, वसिर अहमद, सहाव आलम र सुमित श्रेष्ठले समान दुई/दुई विकेट लिए ।

आर्मीले निर्धारित लक्ष्य १२ दशमलव दुई ओभरमा एक विकेटको नोक्सानीमा पूरा गरेको थियो । लक्ष्य पछ्याउने क्रममा आर्मीका ओपनर सन्तोष कार्की र इमरान शेखले २५ रनको साझेदारी गरेका थिए । सन्तोष २१ रनमा क्याच भएपछि मैदानमा प्रवेश गरेका त्रितराज दासले आक्रमक शैलीमा जित सुनिश्चित गरे ।

आर्मीको जितमा शेखले ३० बलमा अविजित ३८ र त्रितराजले ३३ बलमा ५० रन बनाए । च्याम्पियनसिपमा पहिलो अर्धशतक बनाएका दासले दुई छक्का र पाँच चौका प्रहार गरेका थिए । च्याम्पियनसिपमा 'प्लेयर अफ दि टुर्नामेन्ट' र 'प्लेयर अफ द फाइनल'को पुरस्कार आर्मीका दासले हासिल गरे ।

विजेता टोलीलाई कोसी प्रदेशका मुख्यमन्त्री केदार कार्कीले पुरस्कार वितरण गरेका थिए । गत फागुन २२ गतेबाट सुरू भएको प्रतियोगितामा तीन विभागीय र सात प्रदेशको सहभागिता रहेको आयोजक नेपाल क्रिकेट सङ्घ मोरङका अध्यक्ष मोहम्मद साद कुरैसीले जानकारी दिए ।

# एनभिए महिला तथा पुरुष भलिबलमा आर्मी विजयी

■ प्रभाव संवाददाता

**काठमाडौं–** त्रिभुवन आर्मी क्लबले आठौं आरबिबी एनभिए महिला तथा पुरुष भलिबल च्याम्पियनसिपमा पुरुषतर्फ सुखद् सुरुवात गरेको छ । त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकुद परिषद्को कभर्डहलमा शनिबारदेखि शुरु भएको च्याम्पिनसिपमा आर्मीले गण्डकी प्रदेशलाई ३-० को सोझो सेटमा हराउँदै सुखद् शुरुवात गरेको हो । गण्डकीले पहिलो सेटमा विभागीय प्रतिद्वन्द्वीलाई चुनौती दियो । तर त्यसपछि भने कमजोर प्रदर्शन गर्यो । आर्मीले पहिलो सेट २९-२७ ले संघर्षपूर्ण रूपमा आफ्नो पक्षमा पारेको थियो । त्यसपछि भने आर्मीले २५-१९ र २५- १७ ले आफ्नो बनाउँदै सुखद नतिजा निकाल्यो । अर्को विभागीय टोली नेपाल पुलिस क्लबले विजयी शुरुवात गरेको छ ।

पुलिसले कर्णाली प्रदेशलाई ३-० को सोझो सेटमा हरायो । पुलिसले खेल २५-९, २५-१३, २५-१३ ले आफ्नो पक्षमा पारेको हो । पुरुषमा नै कोशी प्रदेशले ढोरपाटन भलिबल क्लवलाई ३-१ को सेटमा हरायो । यस क्रममा कोशीले उत्कृष्ट पुनरागमन गर्यो ।

पहिलो सेट कोशीले २५-२३ ले गुमाएको थियो । त्यस पछिका तीन सेट भने कोशीले क्रमशः २५-२०, २५-१८, २५-१९ ले आफ्नो पक्षमा पार्दै सुखद् शुरुवात गर्यो । च्याम्पियनसिपमा पुरुषतर्फ १३ टोलीले प्रतिष्पर्धा गरेका छन् । यी टोलीलाई चार समूहमा विभाजन गरिएको छ ।

समूहका शीर्ष दुई टोलीले क्वार्टरफाइनल यात्रा यात्रा तय गर्नेछन् । एभरेष्ट भलिबल क्लबले जित निकाल्यो । एभरेष्टले कर्णाली प्रदेशलाई ३-० को सोझो सेटमा हरायो । एभरेस्टले कर्णालीलाई २५-१२, २५-७ र २५-११ ले सहजै हरायो । महिलामा कुल सात टोलीले प्रतिष्पर्धा गरिरहेका छन् । दुई समूहका शीर्ष दुई टोलीले सेमिफाइनल यात्रा तय गर्नेछन् ।

# ट्रान्स हिमालय एडभेन्चर चैत १९ देखि

■ प्रभाव संवाददाता

**काठमाडौं–** ट्रान्स हिमालय एडभेन्चरको पहिलो संस्करण चैतको १९ गतेदेखि सुरु हुने भएको छ । नेपाल अटोमोबाईल एसोसियसनको मोटरसाईकल र टुरिङ कमिसनको संयुक्त आयोजनामा हुने कार्यक्रम चैतको १९ देखि २३ गतेसम्म सञ्चालन हुने भएको हो ।

नेपाललाई विश्वकै मोटरस्पोर्टस्को गन्तव्य बनाउने अभियानमा सहयोग पुर्याउने उद्धेश्यले आयोजना हुने कार्यक्रममा काठमाडौंदेखि पोखरा, जोमसोम, पोखरासम्म मोटरसाईकल टुरिङ र्याली हुनेछ । कार्यक्रमको दौरान बन्दीपुर, पोखरा, घान्द्रुक, वाग्लुङ्ग, तातोपानी, रूपसे, झरना, लेते कागबेनी, मार्फा, धुम्बाताल, जोमसोम, मुक्तिनाथ, लुम्ले र कुस्माको फोटोग्राफी, भिडियोग्राफी सहित सेफ्टी राईडिङ्ग सम्वन्धित जनचेतना मुलक कार्यक्रम समेत हुनेछ ।




जोमसोममा मोटोखाना रेसिङ, सेल्फी च्यालेञ्ज तथा सेफ राइडिङ र ट्यालेन्ट हन्ट सम्बन्धि विभिन्न क्रियाकलाप हुने आयोजना नासा नेपालले जनाएको छ ।

राष्ट्रिय खेलकद परिषद् र अन्तर ाष्ट्रिय मोटरसाइकल फेडेरेसनको सहयोग तथा गण्डकी अटोमोबाईल्स एसोसिएसनको प्राविधिक सहयोगमा हुने कार्यक्रममा पोखरामा हुने मोटो इन्डुरो च्याम्पियनसिपमा आएर समापन हुनेछ ।

कार्यक्रम संयोजक अनिलकुमार बरालले ट्रान्स हिमालय एडभेन्चरले नेपाली खेलकुद तथा पर्यटनमा छुट्टै पहिचान बनाउने बताए ।

उनले भने, 'राष्ट्रिय खेलकुद परिषद्ले नेपालको साहसीक तथा पर्वतीय खेलकुदमा लिएको चासो दिगो खेल पर्यटनको आधार बन्ने विश्वास देखिएको छ ।'



मुस्लिम समुदायको पर्व रमजानको समयमा शुक्रबार इजिप्टको कायरोस्थित अल–अजहर मस्जिदमा इफ्तार खानाका लागि पर्खिरहेका भक्तजनहरू । *तस्बिर: सिन्ह्वा*

# सुडानमा ५० लाख मानिस भोकमरीको जोखिममा

**संयुक्त राष्ट्रसंघ–** संयुक्त राष्ट्रसंघले सुडानको द्वन्द्वरत समूहलाई 'विनासकारी' भोकमरीबाट बचाउन मानवीय राहत वितरण गर्न अनुमति दिन शुक्रबार आग्रह गरेको छ ।

एएफपीले शुक्रबार प्राप्त गरेको संयुक्त राष्ट्रसंघको दस्तावेजअनुसार सुडानका प्रतिद्वन्द्वी जनरलबीचको करिब एक वर्ष लामो युद्धले देशलाई टुक्र्याउने क्रम जारी रहँदा आगामी महिनाहरूमा करिब ५० लाख सुडानीले खाद्य असुरक्षाको सामना गर्नुपर्ने हुनसक्छ । सेना प्रमुख अब्देल फताह अल बुरहान र उनका पूर्वसहयोगी मोहमद हमदान डग्लोबीच गत वर्षको अप्रिलदेखि जारी युद्धले दशौं हजारको ज्यान लिइसकेको छ भने पूर्वाधार ध्वस्त पारेको छ । युद्धका कारण यहाँको अर्थतन्त्र धराशायी बनेको छ । यसले गम्भीर मानवीय संकट र तीव्र खाद्यान्न अभाव पनि निम्त्याएको छ र देश अनिकालको संघारमा पुगेको छ ।

संयुक्त राष्ट्रसंघका मानवीय सहायता प्रमुख मार्टिन ग्रिफिथ्सले सुरक्षा परिषद्लाई लेखेको पत्रमा करिब एक करोड ८० लाख सुडानीले खाद्य असुरक्षाको सामना गरिरहेको उल्लेख गर्दै आगामी महिनामा देशका केही भागमा करिब ५० लाख मानिस विनासकारी खाद्य असुरक्षामा फस्न सक्ने चेतावनी दिएका छन् ।

डार्फरका दुई लाख ४० हजारभन्दा बढीसहित करिब सात लाख ३० हजार सुडानी बालबालिका 'गम्भीर' कुपोषणबाट पीडित रहेको उनले बताए । संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेर्रेसका प्रवक्ता स्टेफन दुजारिकले भने, 'सहायता संगठनहरूलाई सुडानभित्रको द्वन्द्वग्रस्त क्षेत्रमासमेत सुरक्षित, छिटो, दिगो र निर्वाध पहुँचको खाँचो छ । अन्तर्राष्ट्रिय समुदायबाट स्रोतसाधनको व्यापक परिचालन पनि महत्त्वपूर्ण छ ।'

संयुक्त राष्ट्रसंघको विश्व खाद्य कार्यक्रमले युद्धले 'विश्वको सबैभन्दा ठूलो भोकमरीको संकट निम्त्याउने' चेतावनी दिएको छ । पोर्ट सुडानमा पर्याप्त मात्रामा सहायता मौज्दात रहेको तर समस्या भनेको त्यहाँबाट आवश्यक परेका मानिसहरूलाई सहयोग पठाउनु रहेको संयुक्त राष्ट्रसंघीय बालबालिकासम्बन्धी निकाय युनिसेफका सुडानका लागि आपत्कालीन प्रमुख जिल ललरले बताए ।

ललरले ११ महिना पहिले युद्ध सुरू भएयता खार्तुममा पुग्ने संयुक्त राष्ट्रसंघको पहिलो मिसनको नेतृत्व आफूले गत साता गरेको बताएका थिए ।

न्युयोर्कबाट भिडियो लिंकमार्फत जेनेभामा पत्रकारहरूसँग कुरा गर्दै उनले देशभरिका बालबालिकाका लागि आवश्यकताको परिमाण उच्च छ भन्ने कुरा आफूहरूले प्रत्यक्ष देखेको उनले बताए । *रासस/एएफपी*

# अमेरिकी स्टिल कम्पनी जापानको निप्पोनलाई बिक्री नगरिने

**वासिङ्टन–** अमेरिकी स्टिल कम्पनी जापानको निप्पोन स्टिललाई बिक्री गर्ने प्रस्तावको विपक्षमा आफू रहेको बताएका छन् । जापानका प्रधानमन्त्री फुमियो किशिदालाई ह्वाइट हाउसको राजकीय भ्रमणका लागि स्वागत गर्नुभन्दा एक महिना पहिले राष्ट्रपति बाइडेनले १४ अर्ब १० करोड अमेरिकी डलरको अधिग्रहणसम्बन्धी प्रस्तावमा विमति रहेको बताएका हुन् ।

यसको अर्थ राष्ट्रपति बाइडेनको नजर नोभेम्बरमा हुने राष्ट्रपतीय निर्वाचनमा डोनाल्ड ट्रम्पविरुद्ध केन्द्रित देखिएको छ । दुवै पार्टीका सांसदहरूले एक विदेशी मालिकलाई विशाल अमेरिकी उत्पादन कम्पनी बिक्री गर्ने योजनाको विरोधमा युनियनहरूसँग मिलेर काम गरेका छन् ।

युएस स्टिल कम्पनी पेन्सिलभेनिया राज्यको पिट्सबर्गमा अवस्थित छ । उक्त राज्यमा राष्ट्रपति बाइडेनले सन् २०२० को निर्वाचनमा ट्रम्पमाथि विजय गरेका थिए । यस वर्ष फेरि बाइडेनको ट्रम्पसँग प्रतिस्पर्धा हुने करिब-करिब निश्चित भएको छ ।

राष्ट्रपति बाइडेनले एक विज्ञप्ति जारी गर्दै भनेका छन्, 'हामीले अमेरिकी स्टिल कम्पनीहरूलाई जोगाउनुपर्छ । मैले हाम्रा स्टिलकर्मीहरूलाई भनेको थिएँ यसमा मेरो सहयोग रहने छ ।'

उनले भनेका छन्, 'युएस स्टिल एक शताब्दीभन्दा बढी समयदेखि एक प्रतिष्ठित अमेरिकी कम्पनीका रूपमा काम गर्दै आएको कम्पनी हो र अमेरिकाका लागि यो कम्पनी रहनु महत्त्वपूर्ण छ ।' तर बाइडेनले डिसेम्बरमा घोषणा भएदेखि नै यसले राष्ट्रिय सुरक्षा हितलाई कसरी असर गर्छ भन्ने संघीय समीक्षाको अधीनमा रहेको यो सम्झौतालाई आफूले अवरोध गर्ने स्पष्ट रूपमा बताएका छैनन् ।

जापानी सरकारका प्रवक्ता योशिमासा हयाशीले शुक्रबार टोकियोलाई बाइडेनको बयानबारे जानकारी भए पनि व्यक्तिगत कम्पनीको व्यवस्थापनको विषयमा टिप्पणी गर्न अस्वीकार गरेको बताएका छन् । उनले भने, 'जापान–अमेरिका गठबन्धन पहिलेभन्दा बलियो छ र राष्ट्रहरूले 'नियममा आधारित स्वतन्त्र र खुला आर्थिक व्यवस्थाको रखरखाव र सुदृढीकरण' लगायत धेरै क्षेत्रमा सहयोग जारी राख्ने छन् ।'

निप्पोन स्टिल र युएस स्टिलले एक संयुक्त वक्तव्य जारी गर्दै उनीहरूको साझेदारीले 'जापान र संयुक्त राज्य अमेरिकाबीचको घनिष्ठ गठबन्धन' प्रतिबिम्बित गरेको बताएका छन् ।

'हामी लेनदेनको प्रशासनको जाँचको स्वागत गर्दछौं । यो लेनदेनको वस्तुनिष्ठ र व्यापक समीक्षाले यसले अमेरिकी रोजगारी, प्रतिस्पर्धा र आर्थिक र राष्ट्रिय सुरक्षालाई बलियो बनाउँछ भन्ने देखाउँछ,' वक्तव्यमा भनिएको छ । *रासस/एएफपी*

# हमास र यमनी हुथी विद्रोहीबीच छलफल

**गाजा–** हमास र यमनका हुथी विद्रोहीका शीर्षस्थ व्यक्तिहरूबीच इजरायलविरुद्ध आफ्ना गतिविधिहरू सञ्चालन गर्न समन्वय गर्ने विषयमा छलफल गर्न दुर्लभ बैठक गरेको प्यालेस्टिनी स्रोतहरूले शुक्रबार एएफपीसँग बताएका छन् ।

हमास र यमनी हुथी समूहले 'इजरायलको गाजामा भइरहेको कारबाहीको प्रतिरोध' गरिरहेका छन् । इराननिकट यी समूहजस्तै लेबनानको हिजबुल्लाह र केही इराकी लडाकु समूहको पनि इजरायल तथा संयुक्त राज्य अमेरिकासँग शत्रुतापूर्ण व्यवहार रहेको छ ।

गत अक्टोबर ७ मा इजरायल–हमास युद्ध सुरू भएयता हुथी विद्रोहीले गाजामा प्यालेस्टिनीप्रति ऐक्यबद्धता जनाउँदै इजरायलसँग सम्बन्धित पानीजहाजलाई निशाना बनाएको भन्दै महिनौंदेखि रेड सीको बाटो भएर आवतजावत गर्ने पानीजहाजमा आक्रमण गर्दै आएका छन् ।

हमास र इस्लामिक जिहाद निकटस्थ स्रोतका अनुसार दुई प्यालेस्टिनी इस्लामिक समूहका साथै 'प्यालेस्टिनी मार्क्सिस्ट पपुलर फ्रन्ट'का नेताहरूले गत हप्ता हुथी प्रतिनिधिहरूसँग 'महत्त्वपूर्ण बैठक' गरेका थिए । हमासनिकट स्रोतले बैठक कहाँ भएको थियो भन्ने उल्लेख नगरी यी समूहहरूले गाजा युद्धको 'अर्को चरण' का प्रतिरोधका गतिविधिहरूका लागि समन्वय गर्ने संयन्त्र' बारे छलफल गरेका थिए ।

प्यालेस्टिनी समूह र हुथी विद्रोहीसमूहले दक्षिणी गाजाको रफाहमा इजरायली स्थल आक्रमण हुनसक्नेबारे पनि कुराकानी गरेको नाम उल्लेख नगर्ने सर्तमा स्रोतले जनाएको छ । संयुक्त राष्ट्रंघका अनुसार गाजामा हमासको अन्तिम किल्ला रफाह र आसपासका क्षेत्रमा करिब १५ लाख मानिसको भीड लागेको छ जसमध्ये अधिकांश विस्थापित भएका छन् र इजिप्टको सीमानजिक कमजोर जीवनयापनको अवस्थामा छन् ।

इजरायलका प्रधानमन्त्री बेञ्जामिन नेतन्याहुको कार्यालयले शुक्रबार रफाहमा सैन्य कारबाही गर्ने सेनाको योजनालाई स्वीकृति दिएको जनाएको छ । हमास र इस्लामिक जिहाद स्रोतका अनुसार हुथी विद्रोहीले 'प्यालेस्टिनी प्रतिरोधलाई समर्थन गर्न' रेड सीबाट आवतजावत गर्ने पानीजहाजमा आक्रमण जारी राख्ने बताएका छन् ।

यमनी विद्रोही हुथी समूहका नेता अब्दुल मलिक अल–हुथीले बिहीबार दक्षिण अफ्रिकाको 'केप अफ गुड होप' पार गर्दै रेड सीबाट टाढा रहेका पानीजहाजलाई लक्षित गरी आक्रमण विस्तार गरिने बताएका छन् । अक्टोबर ७ मा हमासको अकल्पनीय आक्रमणबाट इजरायलमा करिब एक हजार १६० जनाको मृत्यु भएको एएफपीले इजरायली अधिकारीद्वारा पुष्टि गराएको तथ्यांकमा उल्लेख छ ।

प्यालेस्टिनी लडाकुहरूले करिब २५० जना इजरायली र विदेशी बन्धकलाई पनि कब्जामा लिएका थिए, जसमध्ये करिब १०० जनालाई नोभेम्बरमा एक हप्ता लामो युद्धविरामको क्रममा रिहा गरिएको थियो । इजरायलले गाजामा करिब १३० जना बन्दी रहेको र तीमध्ये ३२ जनाको मृत्यु भएको अनुमान गरेको छ ।

इजरायलले हमासविरुद्ध गरेको जवाफी कारबाहीमा गाजामा कम्तीमा ३१ हजार ४९० जनाको मृत्यु भएको त्यहाँको स्वास्थ्य मन्त्रालयले जनाएको छ । *रासस/एएफपी*

## इयूले रोक्का गरेको रूसी सम्पत्तिलाई हतियार खरिद गर्न प्रयोग गरिने

**ब्रसेल्स–** युरोपेली संघ (इयू) का सदस्य राष्ट्रहरूले रूसी सम्पत्ति रोक्का गर्दा प्राप्त रकम हतियार खरिदमा प्रयोग गर्ने प्रक्रिया अघि बढाउने भएका छन् । फ्रान्सका राष्ट्रपति इमानुयल म्याक्रौं र पोल्याण्डका प्रधानमन्त्री डोनाल्ड टस्कसँगको संयुक्त पत्रकार सम्मेलनमा बोल्दै चान्सलर सोल्जले भने, 'हामीले युरोपमा रोक्का रूसी सम्पत्तिबाट आएको आम्दानीलाई हतियार खरिदका लागि युक्रेनलाई आर्थिक सहयोग गर्न प्रयोग गर्नेछौं ।

इयूका उच्च पदस्थ प्रतिनिधिका अनुसार इयूले अहिलेसम्म रूसविरूद्धको प्रतिरोधका लागि प्रतिबन्धको १४औं प्याकेजमा काम गरिरहेको छ । उनले भने, 'हामी पहिले नै प्रतिबन्धको १४औं प्याकेजमा काम गरिरहेका छौं र यसमा युक्रेनमा रूसी युद्धको सामना गर्ने उपायहरू समावेश हुने छन् । उनले अर्को प्रतिबन्धको प्याकेज कहिले ल्याइन्छ भन्ने पिषयमा जानकारी गराउन अस्वीकार गरे ।

प्रतिबन्धको अर्को चरणको घोषणा कहिले गरिने छ भन्ने विषयमा जवाफ दिन अस्वीकार गरे । सन् २०२२ को फेब्रुअरीदेखि इयूले युक्रेनमा भएको विशेष सैन्य कारबाहीलाई लिएर यसअघि रूसविरुद्ध व्यक्तिगत तथा आर्थिक प्रतिबन्धका १३ वटा प्याकेज ल्याइसकेको छ । फेब्रुअरी २३ मा स्वीकृत गरिएको अन्तिम प्रतिबन्ध १३औं भएको रूसी समाचार संस्था तासले जनाएको छ ।

इयूले युक्रेनलाई सैन्य सहायताका लागि पाँच अर्ब युरो अर्थात् पाँच अर्ब ४८ करोड अमेरिकी डलर उपलब्ध गराउने सहमति बिहीबार भएको हो । रूसको आक्रमणविरुद्ध युक्रेनी सेनाले संघर्ष गरिरहेका बेला युक्रेनलाई सैन्य सहयोग बिस्तार गर्ने घोषणा गर्दै युक्रेनलाई जितका लागि आवश्यक पर्ने सबै कुरामा इयूको सहयोग रहने बताइएको छ । इयूका विदेश मामिला तथा सुरक्षा नीतिसम्बन्धी उच्च अधिकारी जोसेप बोरेलले भने, 'इयू सदस्य राष्ट्रका सरकारका प्रतिनिधिहरू सहमत भएका छौं । *रासस/एएनआई*

# विदेशी पर्यटकको चापले श्रीलंकाको अर्थतन्त्रलाई राहत

**कोलम्बो–** सन् २०२३ को चौथो त्रैमासिकमा पर्यटन आगमनमा वृद्धिसँगै अकल्पनीय वित्तीय संकटको सामना गरेको श्रीलंकामा आर्थिक पुनरुत्थान भएको श्रीलंका सरकारले शनिबार जनाएको छ । कृषि, उद्योग र सेवा क्षेत्रको विस्तार दर डिसेम्बरमा सकिएको त्रैमासिकमा ४.५ प्रतिशत पुगेको छ । यो अघिल्लो वर्षको सोही अवधिमा १२.४ प्रतिशतले संकुचन भएको थियो ।

सन् २०२२ मा ७.८ प्रतिशतले संकुचन भएको अर्थतन्त्र सन् २०२३ मा समग्रमा २.४ प्रतिशतले खुम्चिएको छ । 'सन् २०२३ मा श्रीलंकाको अर्थतन्त्रले द्वैतताको अनुभव गरेको छ,' विभागले जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'यस वर्षको पहिलो छ महिनामा ऋणात्मक वृद्धि भएको छ भने दोस्रो त्रैमासिकमा अर्थतन्त्रमा सुधार आएको छ ।'

'पर्यटनमा लामो समयदेखि प्रतीक्षा गरिएको सुधार सन् २०२३ को अन्त्यतिर आएको छ,' विभागले भनेको छ, 'कामदारको रेमिटयान्समा पनि सुधार आएको छ ।'



गत डिसेम्बरमा श्रीलंका घुम्न आउने पर्यटकको संख्या दुई लाख १० हजार पुगेको छ । यो संख्या अघिल्लो वर्षको ९१ हजार ९०० को तुलनामा दोब्बरभन्दा बढी हो । श्रीलंकाले हाल अन्तर्राष्ट्रिय मुद्रा कोष (आइएमएफ) बाट चार वर्षका लागि २.९ अर्ब अमेरिकी डलरको जमानत कर्जा लिइरहेको छ र ऋण पुनर्संरचनाको लागि विदेशी ऋणदाताहरूसँग छलफल गरिरहेको छ ।

सन् २०२२ मा आर्थिक संकटको शिखरमा पुगेको मुलुकमा आयातका लागि भुक्तानी गर्न विदेशी मुद्रा सञ्चिति सकिएपछि महिनौंसम्म खाद्यान्न, इन्धन र औषधिको अभाव भएको थियो । राष्ट्रव्यापी नागरिक आन्दोलनको क्रममा प्रदर्शनकारीहरूले सन् २०२२ को जुलाईमा तत्कालीन राष्ट्रपति गोतबाया राजापाक्षको सरकारी निवासमा आक्रमण गरेपछि उनी पदबाट राजीनामा दिन बाध्य भएका थिए ।

उनको उत्तराधिकारी रनिल विक्रमासिंघेले आर्थिक संकटबाट देशलाई माथि उकास्न करको दायरालाई दोब्बर पार्दै उदार ऊर्जा अनुदान फिर्ता लिएका थिए भने मुलुकका लागि आर्थिक आवश्यकतालाई ध्यानमा राख्दै राजस्व संकलन वृद्धिका लागि वस्तुहरूको मूल्यवृद्धि गरेका थिए । *रासस/एएफपी*


## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा – सोहखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.–सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८९५ । लोटस कम्युनिकेशन– गोंगबुचोक, फोन नं. ४३६४७१ । ध्रुवको पसल– डिल्लीबजार, फोन नं. ४४३९२०१ । Reachmond Books Shop (रोहित दाहाल) – फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217 । दन्तकाली स्टेशनरी – नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल – फोन नं. ९८५११२९६८६ । ज्ञान्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार– सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी – लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. – पुरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी– बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी– गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी–विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर– कलंकी चोक फोनः ०१–४२७६५३०, फयाक्सः०१–४२७१३२२ । दाजुभाइ स्टेशनरी – पिंगलास्थान, गौशाला, फोनः ०१–४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट –९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफयाक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१– ४२२४१८१, ०१– ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य
छापावाला सुन / तेजाबी सुन / चाँदी
प्रति तोला – १२५००० | प्रति तोला – १२४४०० | प्रति तोला – १४६५



**सूर्यमूखी खेती** | सुनसरीको इनरुवा–९ का किसानले लगाएको सूर्यमुखी फूलको खेती । *तस्बिर : नवीन गड्तौला/रासस*

## ठगी र कृत्रिम अभाव हुन नदिने उद्योगमन्त्री भण्डारीको प्रतिबद्धता

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले उपभोक्ता ठगी र कृत्रिम अभाव हुन नदिने प्रतिबद्धता व्यक्त गरेका छन् ।

नेपाल कम्युनिष्ट पार्टी (एमाले)को उपभोक्ता हित संरक्षण तथा सुशासन विभागले शनिबार ललितपुरको च्यासलस्थित पार्टी मुख्यालयमा आयोजना गरेको कार्यक्रममा उनले उपभोक्ता ठगी, कृत्रिम अभाव, अनुचित मूल्यवृद्धि र अनुचित व्यापारिक कामलाई नियन्त्रण गर्न जोखिम तथा सूचना प्रणालीमा आधारित अनुगमन प्रणालीलाई व्यवस्थित र नतिजामुखी बनाइने बताए ।

मन्त्री भण्डारीले उपभोक्ताको हित संरक्षणका विषयमा काम गरिरहेका सरोकारवालालाई साथमा लिएर स्वच्छ बजार तथा उपभोक्ता हितसम्बन्धी कामलाई परिणाममुखी बनाइने बताए । उनले उपभोक्ता हित संरक्षणका लागि सरकारले तीनै तहका सरकारको जिम्मेवारी र जवाफदेहितासहितको आपूर्ति तथा उपभोक्ता हित संरक्षण नीति जारी गर्ने तयारीसमेत गरिएको दोहोऱ्याए ।

उनका अनुसार तीनै तहका सरकारबाट नियमित बजार अनुगमन, उपभोक्ता शिक्षा, उपभोक्ताको उजुरी तथा गुनासो व्यवस्थापन गरिने छ । मन्त्री भण्डारीले व्यावसायिक नैतिकतासहितको उत्पादन तथा बिक्री वितरणको वातावरण निर्माण गरी आर्थिक गतिविधिलाई तीव्रता दिनु अहिलेको प्राथमिकता रहेको बताए ।

कार्यक्रममा विभागका प्रमुख जितु गौतमले तरकारीमा विषादिको परीक्षणबिना भारतबाट तरकारी आयात भइरहेको उल्लेख गर्दै विषादीको परीक्षण नगरी तरकारी तथा फलफूलजन्य वस्तुको आयात पूर्णरूपले प्रतिबन्ध लगाइनुपर्ने बताए । उनले बजारमा विभिन्न वस्तु र सेवामा भइरहेको कृत्रिम अभाव, कृत्रिम मूल्यवृद्धि, एकाधिकार, मिलेमतो, गुणस्तरहीन वस्तुको बिक्री, भ्रमपूर्ण विज्ञापन र नापतौल ठगीको कडाइका साथ नियन्त्रण गरिनुपर्नेमा जोड दिए ।

## कर्जा उत्पादनमूलक क्षेत्रमा प्रवाह हुनुपर्नेमा जोड

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** नेपालको कुल गार्हस्थ्य उत्पादन (जिडिपी)कै हाराहारीमा बैंक तथा वित्तीय संस्थाबाट कर्जा प्रवाह हुँदासमेत आर्थिक वृद्धिमा त्यसको उल्लेख्य योगदान देखिन नसकेको धारणा यस क्षेत्रका जानकारहरूले राखेका छन् ।

यहाँ आयोजना भएको 'आरबिबिएल म्यानेजमेन्ट कन्फ्रेन्स २०२४' का वक्ताहरूले बैंक तथा वित्तीय संस्थाबाट प्रवाह भएको कर्जा उत्पादनमूलक क्षेत्रमा जानुपर्ने र अर्थतन्त्रको वृद्धिमा योगदान पुर्‍याउनुपर्ने धारणा राखेका हुन् ।

राजस्व सचिव डा रामप्रसाद घिमिरेले उत्पादन तथा उत्पादकत्व बढाउनुपर्ने र रोजगारी सिर्जना गर्नुपर्ने मुख्य दुईवटा चुनौती मुलुकले भोगिरहेको बताए । पुँजी निर्माणमा हुने खर्च घटेका कारण लक्ष्यअनुसार आर्थिक विकास हुन नसकेको उनको भनाइ छ । बैंक तथा वित्तीय संस्थाले उत्पादन र रोजगारी बढाउने गरी कर्जा विस्तार गर्नुपर्नेमा पनि उनले जोड दिए ।

मुलुकको कुल गार्हस्थ उत्पादनको तुलनामा राजस्व संकलन सन्तोषजनक रहे पनि नेपालको विकास आवश्यकता धेरै भएका कारण बढी स्रोत आवश्यक पर्ने सचिव घिमिरेले बताए । आर्थिक गतिविधि चलायमान भएमात्र राजस्व बढ्ने पनि उनको भनाइ छ ।

व्यापारमा आधारित अर्थतन्त्रलाई उत्पादनमा आधारित अर्थतन्त्रका




रूपमा विकास गर्दै लैजानुपर्ने आवश्यकता पनि उनले औँल्याए । नेपालको आन्तरिक उत्पादन बढ्ने र प्रतिस्पर्धी हुने गरी सरकारले निजी क्षेत्रलाई विश्वासको वातावरण बनाइदिनुपर्नेमा उनले जोड दिए ।

सोही कार्यक्रममा नेपाल राष्ट्र बैंकका निर्देशक डा. प्रकाशकुमार श्रेष्ठले मुलुक सङ्घीय संरचनामा गइसकेपछि सरकारी वित्त बुझ्न थप कठिन भएको बताए । अहिले सरकारी कोषमा ठूलो रकम थुप्रिएको र यसले बजार मागमा संकुचन ल्याउन भूमिका खेलेको उनको भनाइ छ । पछिल्लो समय बैंक तथा वित्तीय संस्थाप्रति नकारात्मकता बढ्दै गएकोप्रति उनले चिन्ता व्यक्त गरे । सहकारी क्षेत्रमा समस्या देखिँदा त्यसको असर बैंक तथा वित्तीय संस्थामा परेको पनि निर्देशक श्रेष्ठले बताए । विदेशी वस्तु प्रयोग गर्दा गर्व गर्ने संस्कृति विकास हुँदै गएकामा अब विस्तारै स्वदेशी वस्तु प्रवर्द्धन र प्रयोगलाई बढावा दिनुपर्ने बताए ।

हाल तरलताको अवस्था सकारात्मक रहेको, विदेशी मुद्राको सञ्चिति राम्रो रहेको, ब्याजदर न्यून रहेकोलगायतका सकारात्मक अवस्था हुँदाहुँदै पनि निजी क्षेत्र आशावादी हुन नसकेको धारणा उनले राखे । आन्तरिक मागमा कमी आएको, श्रमको अभाव भएको, उत्पादनशीलता बढ्न नसकेकोलगायत कारण अर्थतन्त्रमा आशातित गतिशीलता आउन नसकेको श्रेष्ठले बताए । नेपाल उद्योग वाणिज्य महासङ्घका पूर्वअध्यक्ष भवानी राणाले नेपालको कृषि, पर्यटन, जडीबुटी, जलविद्युत्लगायतका क्षेत्रमा लगानी बढाइनुपर्ने बताए । मूल्य अभिवृद्धि हुने वस्तु तथा सेवामा लगानी गर्दा त्यसले रोजगारी सँगै अर्थतन्त्र विकासमा पनि मद्दत पुग्ने राणाले बताए । सरकारको नीति निजी क्षेत्रमैत्री हुनुपर्नेमा पनि उनले जोड दिए ।

आगामी आर्थिक वर्षको बजेटमार्फत कुन क्षेत्रमा कस्ता योजना ल्याउने भनेर सरकारले निजी क्षेत्रसँग पर्याप्त छलफल गरिनुपर्ने धारणा राणाको छ । बैंकिङ क्षेत्रमा पर्याप्त स्रोत हुँदाहुँदै पनि कर्जा लगानी हुन नसक्नुका कारण पत्ता लगाउन पहल गरिनुपर्नेमा उनले जोड दिए ।

पूर्वबैंकर परशुराम कुँवरले बैंकिङ क्षेत्रमा प्रतिस्पर्धा बढ्दा व्यावसायिक हुन सघाएको बताए । ग्राहकलाई सेवाको गुणस्तर बढाउनेबारे थप सोच्नुपर्ने आवश्यकता उनले औँल्याए । बैंकिङ क्षेत्रका चुनौती कसरी समाधान गर्ने भनेर स्वदेश र विदेशका असल अभ्यासलाई अवलम्बन गर्नुपर्ने कुँवरको भनाइ छ । बैंकिङ क्षेत्रमा सूचना प्रविधिको प्रयोग र नवप्रवर्तनको क्षेत्रमा लगानी विस्तारलाई प्राथमिकताका साथ हेरिनुपर्ने उनको भनाई छ ।

वित्तीय क्षेत्रसँग सम्बन्धित सूचना प्रविधि (फिनटेक) विज्ञ सञ्जीव सुब्बा बैंकिङ क्षेत्रमा साइबर सुरक्षा चुनौती बढ्दै गएको बताए । बैंक वित्तीय संस्थाले साइबर सुरक्षाका क्षेत्रमा पर्याप्त लगानी गर्न नसकेको उनको भनाइ छ । त्यस्तै प्रविधि बुझ्ेका कर्मचारीको संख्या बैंकिङ क्षेत्रमा निकै कम रहेको पनि उनले बताए । अन्तरदेशीय कारोबार सुरु भइसकेपछि बैंक तथा वित्तीय संस्थामा साइबर चुनौती थप बढेको पनि सुब्बाको भनाइ छ । सार्वजनिक सेवा प्रवाहमा सूचना प्रविधिको प्रयोगका लागि पूर्वाधार तयार पारिनुपर्ने आवश्यकता उनले औंल्याए ।

हाल राष्ट्रिय अर्थतन्त्र र बैंकिङ क्षेत्रमा देखिएका समस्या तथा चुनौतीका बारेमा अर्थविद्, बैंकिङविज्ञ तथा उद्यमीका बीचमा छलफल गरी त्यस्ता समस्या र चुनौतीलाई सम्बोधन गर्न तथा आगामी दिनमा दिगो बैंकिङ विकासका लागि दिशानिर्देश गर्न यो सम्मेलन आयोजना गरेको आयोजक राष्ट्रिय वाणिज्य बैंकले जनाएको छ ।

पूर्वाधार विकास कार्यालय
भद्रपुर, झापा

पूर्वाधार विकास कार्यालयको जनहितमा जारी सन्देश

**सडक हामी सबैको साझा सम्पति हो । यस सम्पतिको प्रयोग गर्ने अधिकार हामी सबैलाई रहेको छ । सडक, मोटरेवल पुल तथा झोलुङ्गे पुल जस्ता भौतिक संरचनाहरूको संरक्षण गर्नु हामी सबैको दायित्व हो । कोशी प्रदेश सरकारको लगानीमा निर्मित यी संरचनाहरू थोरै लगानीको मर्मत सम्भारले भेरै समय सम्म टिकाउ र प्रयोग योग्य रहनेछ । तपाई हाम्रो सानो सहयोग, प्रयास र सूचनाले महत्वपूर्ण भूमिका खेल्नेछ ।**

त्यसैले :

- सडक अतिक्रमण गरी सडकको केन्द्र विन्दुबाट Right of Way को क्षेत्राधिकारभित्र कुनै पनि स्थायी तथा अस्थायी संरचनाको निर्माण नगरौं ।
- सम्बन्धित निकायको अनुमतिविना कुनै पनि शाखा सडक निर्माण नगरौं ।
- भवन लगायतका पूर्वाधार निर्माण सम्बन्धमा स्थानीय तहले जारी गरेको मापदण्ड पूर्णरूपमा पालना गरौं ।
- सडकमा जथाभावी सवारी साधन पार्किङ नगरौं ।
- निर्माण तथा व्यापारिक सामग्रीहरु सडक तथा फुटपाथमा नराखौं ।
- विभिन्न निर्माण कार्यहरूको समयमा नालीलाई नपुरिने गरी निर्माणकार्य गरौं र पुरिएको खण्डमा पानीको प्रवाहलाई सडकमा नआउने गरी व्यवस्थापन गरौं साथै कार्य सकिएपछि नाली सफा गरौं ।
- सडकमा सवारी साधन धुने र पखाल्ने नगरौं ।
- बाढीपहिरो तथा अन्य कारणबाट सडक संरचनाहरु अबरूद्ध एवम् क्षति भएमा सम्बन्धित निकायमा तुरून्त खबर गरौं ।
- सडकमा घरपालुवा चौपायाहरु बेवारिसे अवस्थामा नछोडौं ।
- सडकको दायाँ–बायाँ रूख विरूवा रोपौं ।
- ढुङ्गा, बालुवा गिट्टी, रड इत्यादि निर्माण सामग्रीहरु सडकपेटीमा नथुपारौं ।
- घर बनाउँदा नेपाल सरकारको मापदण्डअनुसार सडक छोडेर बनाऔं ।
- निर्माण सामग्री बोक्ने ट्याक्टर, टिपर, ट्रकहरूले माटो बालुवा,
- गिट्टी ढुवानी गर्दा सडकमा झार्दै ढुवानी नगरौं ।
- सडकको दायाँ–बायाँमा क्षति हुने कुनै पनि काम नगरौं ।
- सडकमा फोहोर मैला दुर्गन्धित हुने कुनै पनि वस्तु नफालौं ।
- सडक, बाटो तपाईं हाम्रो साझा सम्पत्ति हो त्यसैले संरक्षण गरौं ।
- सुरक्षित तथा भुकम्प प्रतिरोधी आवाश निर्माण गरौं ।
- सडकको सुरक्षा नै सुरक्षित यात्रा सुनिश्चित गर्नु हो ।
- दिगो र बलियो भौतिक संरचनामा जोड दिऔं ।
- प्राविधिकको निगरानीमा भौतिक संरचना निर्माण गरौं ।
- दिगो सडक, पुलपुलेसा, भवन निर्माण हाम्रो सरोकार जोखिमरहित पूर्वाधार सेवा प्राप्ति नागरिक अधिकार ।
- आफ्नो गाउँटोलमा सञ्चालन हुने विकास निर्माणमा सहभागी बनौं ।
- विकासको हरेक काम कारबाही जानकारी राखौं ।
- विकास निर्माण कार्यक्रममा जनसहभागिता जुटाऔं ।

गौरादह नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गौरादह, झापा
कोसी प्रदेश, नेपाल

नगरपालिकाद्वारा नगरबासीहरुलाई स्वास्थ्यसम्बन्धी जानकारी मूलक सन्देश

स्वास्थ्य सम्बन्धी नगरपालिका बासीमा सचेतना

१) गर्मीयाममा अपनानुपर्ने कुराहरु
क) सढेंगलेका बासी खानेकुराहरु नखाऔं ।
ख) पानीलाई फिल्टर गरेर वा उमालेर मात्र खाऔं ।
ग) लामखुट्टेको टोकाइबाट बच्न झुलको प्रयोग गरौं ।
घ) पूरा बाउला भएको कपडा लगाऔं ।
ङ) घरवरिपरि सफा गरौं, पानी जम्ने खाल्डाखुल्डी पुरौं ।
च) घरभित्र लामखुट्टे छिर्न नदिन घरको झ्या ढोकामा जाली लगाऔं ।
ङ) समय समयमा स्वास्थ्य परीक्षण गरौं ।

२) गर्भवती महिलाले ध्यान दिनुपर्ने कुराहरु ।
क) नियमित स्वास्थ्य जाँच गरौं ।
ख) पोषणयुक्त खानेकुरा खाऊँ/खुवाऔं ।
ग) चिकित्सकको सल्लाहअनुसार भिटामिन/आइरन चक्की खुवाऔं ।
घ) गर्ववती महिलालाई ४/६/८ र ९ महिनामा ४ पटक अनिवार्य जाँच गराऔं ।
ङ) प्रसुती हुन अनिवार्य अस्पताल, Birthing Centre वा प्रसुती गृहमा जाऔं ।

३) नवजात शिशुलाई स्याहार कसरी गर्ने
क) नवजात शिशुलाई सकेसम्म छिटो, जन्मेको १ घण्टाभित्र आमाको विगौती दुध खुलाऔं ।
ख) नवजातशिशुलाई आमाको नाङ्गो छातीमा टाँसेर न्यानो पारी राख्न लगाऔं ।
ग) जन्मन साथ नरम, सफा र सुख्खा कपडाले बेरी न्यानो पारेर राख्नुपर्दछ ।
घ) शिशुको नाभी काटिसकेपछि संक्रमणबाट बचाउन नाभी मलम लगाई नाभीलाई सफा र सुख्खा राखौं ।

४) झाडापखलाबाट बच्न निम्न उपायहरु अपनाऔं ।
क) चर्पीमा मात्र दिसापिसाव गर्ने, बच्चाको दिसादिसाप पनि चर्पीमा नै विर्सजन गरौं ।
ख) चर्पीमा गएपछि, बच्चाको चर्पी धोएपछि वा फोहोर छोएपछि राम्रोसँग साबुन पानीले हात धाऔं ।
ग) बासी, काँचो, सढेगलेको खानेकुरा नखाऔं ।
घ) खानेपानीको मुहान सफा र सुरक्षित राखौं ।
ङ) आफ्नो घर, आँगन सफा राखौं ।




प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्प्रेस कलर प्रेस, कार्यालय: काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१–४३७३५७७, ०१–४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्णबहादुर कार्की, सम्पादक: विष्णु तामाङ